# संघीय संसद
# राष्ट्रिय सभा
# चौधौं अधिवेशन
# कार्यवाहीको सम्पूर्ण विवरण
# ७ जेठ २०८०
# आइतवार
# बैठक सङ्ख्या- ६

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १३:०१ बजे प्रारम्भ भयो ।

(१३:०६ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड" को तर्फबाट माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्मालाई "सम्माननीय राष्ट्रपतिबाट संवत् २०८० साल जेठ ५ गते शुक्रबारका दिन संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा गर्नुभएको सम्बोधनमा उल्लेखित आर्थिक वर्ष २०८०/८१ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथि छलफल गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु ।

(१३:०६ बजे) **माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री रेखा शर्माः**- सम्माननीय अध्यक्षज्यू, अध्यक्ष महोदयको अनुमतिले "सम्माननीय राष्ट्रपतिबाट संवत् २०८० साल जेठ ५ गते शुक्रबारका दिन संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा गर्नुभएको सम्बोधनमा उल्लेखित आर्थिक वर्ष २०८०/८१ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथि छलफल गरियोस्" भन्ने प्रस्ताव पेस गर्दछु । धन्यवाद ।

(१३:०७ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड" को तर्फबाट माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माले सभासमक्ष प्रस्तुत गर्नुभएको उक्त प्रस्तावमाथिको छलफल प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, आर्थिक वर्ष २०८०/८१ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथि तीनजना माननीय सदस्यहरूबाट तीनओटा संशोधन प्रस्तावहरू प्राप्त हुन आएका छन् । सर्वप्रथम संशोधनकर्ता माननीय सदस्यहरू संशोधनकर्ता माननीय सदस्यहरूलाई आफ्नो संशोधन प्रस्तावसहित छलफलमा भाग लिन समय उपलब्ध गराउँछु ।

सर्वप्रथम संशोधनकर्ता माननीय सदस्य तुलसा कुमारी दाहाल । समय ५ मिनेट ।

(१३:०८ बजे) **माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, सम्माननीय राष्ट्रपतिले पेस गर्नुभएको २०८०/८१ को नीति तथा कार्यक्रममा केही संशोधन प्रस्ताव पेस गरेको छु । यो संशोधन प्रस्ताव सम्बन्धमा म केही कुरा राख्न चाहन्छु । नीति तथा कार्यक्रमको बुँदा नम्बर ३८ मा रहेको रासायनिक मल कारखाना खोल्ने बहुवर्षीय योजना तयार गरिएको छ । यो हटाएर रासायनिक मलको चैं समयमा व्यवस्थापन गरिने छ भन्ने कुरो उल्लेख गर्दा सबभन्दा उपयुक्त हुन्छ भन्ने मलाई लागेको छ । र यो भुलभुलैया कुरा नराखौं । जनतालाई झुक्याउने कुरा राखेर काम छैन, बहुवर्षीय आयोजना राखेर । यसमा चैं समयमा हामीले जनताका लागि, किसानका लागि मल व्यवस्था गर्ने छौं भन्ने कुरो उल्लेख गर्दा पुग्छ भन्ने मलाई लागेको छ ।

यसै गरी बुँदा नम्बर ११७ मा चैं राष्ट्रपति महिला उत्थान कार्यक्रम समावेश गरिएको छैन । राष्ट्रपति महिला उत्थान कार्यक्रमले दुर्गम क्षेत्रमा रहेका गर्भवती तथा सुत्केरी महिलाहरूको उद्दार गर्ने कार्यक्रम गरेको थियो । यो कार्यक्रमलाई थप विस्तृत गरेर आउँछ होला भन्ने आशा र विश्वास गरिएको थियो । तर यो कार्यक्रमको चैं चर्चासम्म नगरिएको छैन । तर यो अहिले पनि एउटा चैं गर्भवती महिलाहरू बाल मृत्यदर चैं अत्याधिक रूपमा भइरहेको हुनाले यो कार्यक्रम, नीति कार्यक्रममा छुट भएको हो भने पनि बजेटमा आउनुपर्छ भन्ने कुरा म संशोधन राख्न चाहन्छु ।

त्यसै गरी यो १३८ नम्बरमा रहेको नवजात शिशु र मातृ मत्युदर बढी भएका स्थानीय तहमा मातृ तथा नवजात शिशुको स्याहार एवम् उपचार सेवाको लागि विशेष कार्यक्रम सञ्चालन

गर्ने भन्ने रहेको छ । नेपाल सरकारले सुरु गरेको बाल पोषण भत्ता साविक कर्णालीका ५ जिल्ला सुरुवात गरेको थियो भने पछि नेपाल सरकारले थप गरेर २५ जिल्ला चैं पुर्याएको छ । दलित परिवारका २ जना बालबालिकाहरूलाई प्रतिव्यक्ति ५ सय ३२ रुपैयाँ उपलब्ध गराउँदै आएको छ र ११ लाखभन्दा बढी व्यक्तिहरूले लाभ लिन सक्नुभएको छ । यो कार्यक्रम यहाँ राखिएको छैन । त्यसैले मैले संशोधन यहाँ पेस गरेको छु । र यो कार्यक्रम पन्ध्रौं पञ्च वर्षीय योजनाअन्तर्गत सन् २०२५ सम्ममा देशभरका बालबालिकाहरूलाई उपलब्ध गराउने कुरो थियो । नीति, कार्यक्रममा यो उल्लेख गरेको पाइएको छैन । त्यसैले यसलाई चैं राखियोस् भन्न चाहन्छु । र यो बाल विकास भत्ताको रूपमा, एउटा प्याकेजको रूपमा चैं यो कार्यक्रम आउनुपर्छ भन्ने मलाई लागेको छ ।

सम्माननीय अध्यक्ष महोदय, यो संशोधन प्रस्तावसहित म आफ्ना अरू केही भनाइहरू पनि राख्न चाहन्छु । यो नीति र कार्यक्रमले सिद्धान्त र प्राथमिकतालाई पक्डन सकेको छैन । गत वर्षको प्रतिबद्धताअनुरूप कति काम गर्न सकियो? अब हामी यो वर्ष कति काम गर्ने छौं भनेर तोकिएर आउनुपर्थ्यो । नेपालको संविधानको मौलिक हक राज्यको निर्देशक सिद्धान्तमा आधारित भई नीति र कार्यक्रम आउनुपर्ने थियो । शब्द चयनहरू मिठा र राम्रा छन् तर अलमलाउने भाषाको प्रयोग गरिएको छ भन्ने लागेको छ । नीति कार्यक्रम आम नेपाली जनताको हितमा आउनुपर्ने हो । सरकार हिजो थियो, कसको थियो? आज कसको छ? भोलि कसको हुने छ? यो कुरो, यसले अर्थ राख्दैन । अर्थ यसले राख्छ, पूर्ववर्ती सरकारले अगि सारेका नीति तथा कार्यक्रहरूको निरन्तरता पनि हो । यो गठबन्धन सरकारले राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम, राष्ट्रपति महिला उत्थान कार्यक्रम, मदन भण्डारी मेमोरियल विश्वविद्यालय, योगमाया आयुर्वेदिक विश्वविद्यालय, जनता आवास कार्यक्रम, सुरक्षित आवास कार्यक्रमलगायतका कार्यक्रमहरू हटाइएको छ । बुँदा नम्बर १२७ मा स्मार्ट विद्यालय, हाम्रो विद्यालय राम्रो विद्यालय भन्ने राखिएको छ । यो राम्रो कुरा हो । हाम्रो विद्यालय राम्रो बन्नुपर्छ । विद्यालय मात्रै होइन, यो चैं विश्वविद्यालय पनि राम्रो बन्नुपर्छ । सुरू गर्ने तर कार्यक्रमहरू पूरा गर्न नसक्ने भ'को हुनाले यो कार्यक्रम चैं के एमालेकै सरकारले ल्याएको भनेर हटाइएको हो कि के हो? भन्ने कुरा म प्रश्न उठाउन चाहन्छु ।

(सम्माननीयज्यू १ मिनेट समय मलाई थपिदिनुहोला) । बुँदा नम्बर ११ मा रहेको मानव सूचकाङ्कमा पछि परेका कर्णाली प्रदेश, सुदूरपश्चिम र मधेस प्रदेशमा विशेष प्राथमिकता राखी तद्अनुरूपको स्रोत साधनको परिचालन गर्ने भनेको छ । कसरी हुन्छ? वर्तमान आर्थिक चुनौती, अर्थतन्त्रको आएको रास, तरलता, घट्दो राजस्व परिचालन, आर्थिक गतिविधिमा आएको

शिथिलतालाई कसरी समेटेर लैजान्छ? यो केवल देखाउनको लागि मात्रै हो भन्ने लागेको छ । र यो एक वर्ष यतिकै बित्ने छ, केही पनि हुने छैन भन्ने कुरो छ, मलाई लागेको छ । यो सरकारले एमालेले ल्याएको रूपान्तकारी योजनाहरू पनि हटाएको छ । कृषिको आधुनिकीकरण, प्रधानमन्त्री स्वरोजगार कार्यक्रम पनि आउन सकेन । आज २०, २२ लाख युवाहरू बेरोजगार छन् तर ५ लाखलाई चैं २ वर्षमा रोजगारीको व्यवस्था गर्ने भन्ने कुरो आएको छ, यो पूरा हुन सक्दैन । बुँदा नम्बर ३६ मा बाँझो जमिनको उपयोग गर्ने, खेती गर्ने कुरा आएको छ । युवालक्षित सहकारी र सामदायिक खेती प्रणाली प्रोत्साहन गर्ने भनिएको छ । कुन मोडलमा गर्ने हो? कसरी गर्ने हो? कुन तहको सरकारले गर्ने हो? निजी जमिनलाई चक्लाबन्दी गर्ने नीति हुनुपर्दैन? फेरि १ वर्षभित्र गर्न सकिन्छ? चलाखीपूर्ण शब्दहरूको चयन गरेको छ, ८ सैद्धान्तिक आधार यसको छैन ।

सम्माननीय अध्यक्ष महोदय, नीति कार्यक्रममा राष्ट्रिय महत्त्वको ऐतिहासिक दस्ताबेज, अभिलेखहरू सङ्ग्रहालय, पुस्तकालयसँग सम्बन्धित विषयवस्तुहरू प्राथमिकतामा परेका छैनन्, राखिएको छैन । जसले राष्ट्रिय, अन्तर्राष्ट्रिय रूपमा नेपालको परिचय दिन्छ, पहिचान बनाउँछ, पर्यटकलाई आकर्षण गर्छ, आम्दानी बढाउँछ, त्यस्ता कार्यक्रमहरू चैं नराखीकन यो नीति कार्यक्रम चैं आएको छ । बुँदा नम्बर ८१ मा विपन्न समुदायमा फुस तथा खरका छानाहरू भएका आवासलाई जस्ताको पातो छानाको प्रतिस्थापन गर्ने जस्ताका छाना हाल्ने कुरा आएको छ । जनता आवास कार्यक्रमको उल्लेखै छैन । घरहरू पूर्ण भएका छैनन्, आधा बनेका छन् । र अल्मलाउने भाषा र शब्दले जनताको मनमा ठुलो चोट परेको छ । यस वर्ष कति विपन्न समुदायको फुसको घर चैं ...... (समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- संशोधनकर्ता माननीय सदस्य विमला घिमिरे । समय ५ मिनेट ।

**(१३:१४ बजे) <u>माननीय श्री विमला घिमिरे (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्षज्यू, हामी सम्माननीय राष्ट्रपतिज्यूले संयुक्त सदनलाई सम्बोधन गर्दा गरेको विषयवस्तुलाई लिएर आज हामी छलफलमा छौं । मैले मेरो तर्फबाट केही संशोधनका बुँदाहरू पेस गरेको छु । म त्यसलाई यहाँबिचमा राख्ने अनुमति चाहन्छु ।

बुँदा नम्बर ३६ कृषि उत्पादनमा वृद्धि गर्न भूमिको चक्लाबन्दीलाई प्रोत्साहन गरिने छ भन्ने त्यो अलिकति नबुझिने खालको त्यो गर्न नसक्ने खालको वाक्यांश छ त्यसैले त्यसलाई हटाएर त्यसको ठाउँमा खेती गर्न चाहाने कृषकहरूलाई भूमि बैङ्कको स्थापना गरेर भूमि बैङ्कमार्फत

कृषकहरूलाई जमिन उत्पादन गराउनु छ भन्ने कुराहरू त्यहाँ थप्नुपर्छ भन्ने लागेको छ । किन यो अमुर्त कुराहरूले कृषकहरूलाई कहिले पनि अगाडि बढ्न दिइरहेको छैन । त्यसै गरी बुँदा नम्बर ३१ मा कृषि क्षेत्रको उत्पादन र उत्पादनकत्व वृद्धि गरी भन्ने शब्द त्यहाँ राखिएको छ । त्यसलाई हटाएर त्यसको सट्टा वृद्धि गर्न भन्ने शब्दहरू राखी प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रममार्फत अगाडिको वाक्यांशहरू मैले यहाँ पढिनँ । त्योमार्फत कार्यक्रम अगाडि बढाइने छ भन्ने शब्दहरू राख्नुपर्छ भनेर संशोधन हालेको छ । किनभने त्यो प्रधानमन्त्री कृषि आधुनिकीकरण भन्दाखेरि प्रधानमन्त्री जो छ त्यसै सोही प्रधानमन्त्रीले नै सम्झने गर्छन् । कृषकहरूले मलाई लाग्छ । यो पूर्वाग्राही ढङ्गले यो कता प्रधानमन्त्री भन्दाखेरि त्यति बेलाकै केपी ओलीलाई नै सम्झिने हुन् कि भनेर यो हटाइएको हो कि भन्ने लाग्यो त्यसैले यो थप्नका निम्ति म संशोधन हालेको छु । त्यसै गरी ३८ नम्बर बुँदा । बुँदा नम्बर ३८ मा स्थानीय तहमा जैविक मल कारखाना स्थापना गर्नलाई प्रोत्साहित गरिने छ भन्ने शब्दले यो कुनै गन्तव्यमा पुगिनेजस्तो देखिन्न । यो फेरि पनि कृषकहरूलाई अल्मलाउने कुरा मात्रै हो । प्रत्येक पालिकाले यो गर्न सक्दैनन् । त्यसैले यसलाई तोकेरै जिल्लास्तरमा सबै पालिकाहरूलाई जोडेर एउटा जिल्लामा एउटा त्यो मल कारखाना र अर्को प्राङ्गरिक मलको पनि कुरा हामी चर्चा गरिरहेका छौँ । त्यसलाई प्रदेशस्तरमा एउटा कारखाना भनेर तोकेरै जानुपर्छ नत्र यो गरिने छ । प्रोत्साहन गरिने छ भन्ने कुराले चाहिँ कृषकहरूलाई छुँदैन ।

सम्माननीय अध्यक्षज्यू, त्यसै गरी अर्कोः १९ नम्बर बुँदामा छ । वित्तीय हस्तान्तरणको कुरालाई त्यहाँ धेरै कुराहरू लेखिएको छ । म त्यतापट्टि नगईकन एउटा बुँदामा के लेखिएको छ भने यो कार्य सम्पादनसँग जोडिएर मात्रै आबद्ध गरिने छ भन्ने लेखिएको छ । वित्तीय हस्तान्तरणको कुरालाई अनि त्यो कार्य सम्पादनको मात्रै कुरा हेर्ने हो भने हामी कर्णाली र मधेस प्रदेशलाई हामी कति बजेट छुट्याउछौँ? कति बजेट हामी हस्तान्तरण गर्दै छौँ । त्यसको स्पष्ट कुरा के हो? यदि वहाँहरूको यसै पनि पछाडि परेको ठाउँ छ । यसै पनि त्यहाँ कार्य सम्पादन कमै भ'को होला । त्यसको आधारमा हो भने त कर्णाली र मधेस प्रदेशले बजेट थोरै पाउने भए । यसको अर्थ के यही हो त सरकारले गर्न खोजेको? हामीले भनिरहेका छौँ । जो पछाडिका परेका जिल्लाहरू छन् । जहाँ काम कम भएको छ । ती जिल्लाहरूलाई बजेट छुट्याउने बेलामा एउटा कम से कम हामी समन्यायीकको सिद्धान्तका आधारमा र आवश्यकताका आधारमा मूल्याङ्कन गरियोस् त्यहाँ के के आवश्यकता छ? त्यसको आधारमा मात्रै हामी वित्तीय हस्तान्तरण गर्ने छौँ भन्ने ती कुराहरू थप्न जरुरी छ । हामीले भन्दै गर्दा पछाडिको परेका ठाउँबाट विकासको सुरुआत गर्छौं भनेर भन्ने तर हामी कामको आधारमा

उनीहरूले कति खर्च गरे भन्ने आधारमा मात्रै हामी त्यसलाई गरियो भने । त्यो अलिकति अन्याय हुन्छ भन्ने लागेको छ । त्यसरी म संशोधनका कुराहरू यहाँहरूको बिचमा राखें ।

त्यसपछि यो विनियोजन विधेयक जुन हामीले अस्ति नेपाल सरकारको तर्फबाट सुनिसकेका छौं । यसका सिद्धान्त र प्राथमिकता र अस्ति हामीले सुनेको सम्माननीय राष्ट्रपतिज्यूले पेस गर्नुभ'को सम्बोधन गर्नुभ'को लागि यसको तारतम्पता कहाँ मिलेको छ त? यो कुरालाई कहीं कतै प्राथमिकतामा भएका कुराहरू यससित जोडिंदैनन् । यो कुरामा ध्यान आकर्षण गराउन चाहन्छु र अब आउने बजेटमा सिद्धान्त र प्राथमिकतासित नीति तथा कार्यक्रम नजोडिने नीति तथा कार्यक्रमसित बजेट नजोडिने भयो भने चाहिँ त्यो जनतालाई उपलब्धिमूलक हुन सक्दैन त्यसैले यसको तारतम्पता नीति तथा प्राथमिकतादेखि लिएर बजेटसम्म जाँदा एक अर्का मा रिलेटेट हुनुपर्छ भन्ने कुरा म यहाँहरूको बिचमा राख्न चाहन्छु ।

त्यस्तै गरी राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम महिला राष्ट्रपति महिला उत्थान कार्यक्रम प्रधानमन्त्री स्वरोजगार कार्यक्रमलगायतका कार्यक्रमहरू किन हटाइएका छ । यसको निम्ति यो हटाउनुहुँदैन । यो जो त्यो ठाउँमा भए पनि उसैले त्यसको नामबाट अगाडि बढ्नुपर्छ । यसमा विशेष कार्यक्रमहरू राखिएको हो । यो कुनै प्रधानमन्त्री, राष्ट्रपतिलाई जोडेरभन्दा पनि यसको विशेष कार्यक्रम भ'को हुनाले नहटाउनका निम्ति म ध्यान आकर्षण गराउन चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- संशोधनकर्ता माननीय सदस्य डा. विमला राई पौडयालको तर्फबाट माननीय सदस्य भगवती न्यौपाने । समय ५ मिनेट ।

(१३:२० बजे) **<u>माननीय श्री भगवती न्यौपाने (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्ष महोदय, माननीय डाक्टर विमला राई पौडयाल स्वास्थ्यको कारणले वेड रेष्टमा हुनुभएको हुँदा उहाँले पेस गर्नुभएको संशोधन नीति तथा कार्यक्रममा पेस गर्नुभएको संशोधन प्रस्तुत गर्ने जिम्मा मलाई दिनुभएको कारणले म आर्थिक वर्ष २०८०/८१ को संशोधन डाक्टर विमला राई पौडयालको तर्फबाट संशोधन यस प्रकार रहेको छ । म प्रस्तुत गर्न चाहन्छु ।

बुँदा नम्बर १३ को थप गर्नपर्ने विषय प्रदेश र स्थानीय तहले आफ्नो क्षेत्र सुहाउँदो र स्थानीय आवश्यकता पूर्ति गर्ने योजना आफैं बनाउन केन्द्रले आवश्यक सहयोग गर्ने छ । बुँदा नम्बर ३० मा नीति अनुसन्धान प्रतिष्ठान विधेयक पास गरेर यसलाई स्वायत्त रूपले नीति

अनुसन्धान र सार्वजनिक नीति निर्माणमा काम गर्ने सरकारको Think Tank बनाइने छ । ब्राकेटमा लेखुभएको छ । राष्ट्रिय योजना सरकार परिवर्तन भएपछि फेरिने हुँदा र हालसम्म यसको प्रभावकारीता हेर्दा सरकारको छायाँ जस्तो छ । नीतिगत चिरफार, पुनरावलोकन, पुनरावलोकन र समीक्षा चुकेको छ । यसले नीति प्रतिष्ठानको काम गर्न सक्ने देखिँदैन । नीति अनुसन्धान, प्रतिष्ठानको कानुन संसदमै छ । यो पास गरेर अगाडि बढाउँदा राम्रो हुने भएकोले ३१ नम्बर बुँदादेखि ४२ नम्बर बुँदासम्म कृषि उपजको आयात प्रतिस्थापन नै कृषिको पहिलो प्राथमिकता हुने छ । नेपालमै उत्पादन हुन सक्ने तर हाल आयात भइरहेका कृषि उपज पहिचान गरी नेपालमै उत्पादन गर्न लगानी बढाइने छ । प्रधामन्त्री कृषि व्यावसायीकरण कार्यक्रमको प्रभावकारिता अध्ययन गरी आवश्यक परिमार्जनसहित कार्यान्वयन गरिने देखिने छ ।

जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण गर्न प्रकृतिमैत्री कृषि प्रणाली अपनाइने छ । सिँचाइ र जलवायुमैत्री प्रविधि उत्पादन गर्न लगानी बढाइने छ । राष्ट्रिय कृषि अनुसन्धान केन्द्रलाई सुदृढ बनाउँदै प्रविधि उत्पादन र कृषकका नयाँ सोँच प्रविधि उपकरण पुऱ्याउने काम वा लगाउने पुऱ्याउन पुर्नसंरचना र लगानी बढाइने छ । सबै प्रदेशमा प्राङ्गरिक मल बनाउन लगानी गर्दै क्रमशः रासायनिक मल प्रतिस्थापन गरिने नीति लिइनेछ । किसानको सूचिकरण र वर्गीकरण गरेर किसानले पाउने सबै प्रकारका सेवा र सुविधा स्थानीय तहबाट नै सहज पारदर्शी र सरल तरिकाले दिने व्यवस्था गरिनेछ । रैथाने बालीको प्रवर्द्धन खाद्यान्न विविधिकरण समुदायमा आधारित खाद्यान्न, बैङ्क, बिउ बैङ्क जस्ता कार्यक्रमहरू स्थानीय खाद्य सुरक्षा टेवा दिने हुँदा यस कार्यक्रममा प्रवर्द्धन गरिने छ ।

अन्तर्राष्ट्रिय बजारमा निर्यात गर्न सकिने कृषि उपजहरूको बजार विस्तार गर्न हाम्रा कूटनीतिक नियोगहरू परिचालन गरी कृषि व्यापार कूटनीति अगाडि बढाइने छ । नेपालको स्थानीय भूगोल र मौसमअनुसारको उच्च मूल्यजन्य उपजको बजारको विस्तार गर्न निजी कम्पनीहरूबाट प्रोत्साहित गर्नुपर्छ । कृषि अनुसन्धान केन्द्रको पुर्नसंरचना र सुदृढीकरण नगरि कृषि अनुसन्धान नीति बन्दैन र कार्यान्वयन पनि हुँदैन ।

बुँदा नम्बर ४३ देखि ४७ सम्म वनसम्बन्धी, वनलाई वातावरणको क्षेत्रमा मात्रै होइन दिगो उत्पादन र उपयोगको क्षेत्रको रूपमा प्रवर्द्धन गरिने छ । वनको आयात घटाउन सबै प्रकारको वनमा खेर गएका लडेपरेका र उमेर पुगेका रूखहरूलाई पारदर्शी तरिकाले उपयोग र बिक्री वितरण गर्ने नीति लिइने छ । संरक्षित क्षेत्रमा बसोबास गर्ने समुदायको सहभागितामा वन्यजन्तु र मानव बिचको द्वन्द्व व्यवस्थापन गर्ने वन्यजन्तुबाट मानव र धनजनको क्षती

न्यूनीकरण गर्न आवश्यक प्रविधिको पहिचान र प्रवर्द्धन गर्न क्षती, गर्ने र क्षती भएकाले उचित क्षती पूर्तिको व्यवस्था गरिनेछ ।

बिस माइक्रोनभन्दा सानो प्लाष्टिक झोला प्रयोगमा बन्देज लगाउने नीति तुरुन्तै कार्यान्वयन गरिनेछ । ५२ नम्बर बुँदामा गरिबि पहिचानसम्बन्धी संघीय तहको गरिबि, घर परिवार पहिचान गर्ने परियोजना बन्द गरेर स्थानीयकरण गरिनेछ । स्थानीय तहबाट निरपेक्ष गरिबिमुनी रहेकालाई आवधिक रूपमा पहिचान गर्ने र सेवा सुविधा दिने प्रबन्ध मिलाइने छ । ६४ नम्बर बुँदामा विद्युतीय सवारी सम्बन्धमा, विद्युतीय सवारी चलाउन आवश्यक भौतिक संरचना निर्माण गरिने छ । लामो दुरीमा विद्युतीय सवारी चलाउन आवश्यक चार्जिङ स्टेशन निर्माण गर्ने । निजी क्षेत्रसँग सहकार्य गरिनेछ । विद्युतीय सवारी विद्युतीय चुलो र पेट्रोल, डिजेल व्यवस्थापन गर्ने उपकरणको प्रयोग र बजारलाई प्रोत्साहन गरिनेछ ।

७४ देखि ८० सम्मको बुँदामा भौतिक पूर्वाधार सम्बन्धमा सार्वजनिक खरिद ऐन पुनरावलोकन र पुर्ननिर्माण जरुरी छ । १०७ देखि ११६ सम्म जलवायु परिवर्तन सम्बन्धमा जयवायु परिवर्तनको प्रभावमा प्रभावले आएका विपद्हरूबाट हुने धनजनको क्षतीपूर्ति गर्न राष्ट्रिय र अन्तर्राष्ट्रिय कोष परिचालन गरिने छ ।

मेलम्ची र हेलम्बु क्षेत्रमा दुई वर्षदेखि अगाडि आएको विपद्को पुर्ननिमार्ण र पुर्नस्थापना कार्यको लागि बजेट विनियोजन गरिने छ । फोक्सुन्डो काललगायतका पर्यटन र जलवायु परिवर्तन अनुकुलनमा महत्त्वपूर्ण योगदान पुऱ्याइ रहेका सम्पदा संरक्षण र प्रवर्द्धनको लागि स्थानीय जनताको सहभागिता प्रोत्साहन गरिने छ । फोक्सुन्डो काललगायतका क्षेत्रमा स्थानीयले सम्पदा संरक्षणका लागि आफ्नो नीजि जमिन दिएको हुँदा त्यस्तो ठाउँमा सरकारद्वारा स्थानीयलाई क्षती पूर्ति वा जमिन सट्टा पट्टा दिइने छ ।

११७ देखि १२४ सम्म लैङ्गिक तथा सामाजिक न्याय सम्बन्धमा घरायसी कामलाई सहज र सरल बनाउन महिलाले घरभित्र गर्ने अनुउत्पादक कामको आर्थिक गणना गर्ने र श्रमलाई राष्ट्रिय अर्थतन्त्रमा गणना गर्ने पद्दति विकास गरिने छ । प्रत्यके वडामा घरेलु कामदारको अभिलेखिकरण गरी उनीहरूको काम गर्ने वातावरणको अनुगमन गरिने कानुनी व्यवस्था गरिने छ ।

१२५ देखि १३२ सम्म प्रारम्भिक बालबाललिकाको राष्ट्रिय रणनीति प्रभावकारिता कार्यान्वयन गरिने छ । शिक्षा, प्रारम्भिक बाल विकास केन्द्रमा सबै बालबालिकाहरूको पहुँच सुनिश्चित गर्नका लागि बजेटको सुनिश्चितता गरिने छ । प्रारम्भिक बाल विकास केन्द्र

सहजकर्ताहरूको क्षमता अभिवृद्धि र प्रा.वि. शिक्षक सरहको सेवा सुविधाको लागि कानुनी र आवश्यक बजेटको व्यवस्था गरिने छ ।

१४५ नम्बर बुँदामा जनसांख्यिक लाभको उपयोग सुनिश्चित गर्न जनसङ्ख्याको वितरण विकास जनशक्तिको विकास तथा सदुपयोगको लागि छुट्टै नीति र संरचनाको निर्माण गरिनेछ । संशोधनकर्ता डाक्टर विमला राई पौडयाल । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, आर्थिक वर्ष २०८०/०८१ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथिको छलफलमा भाग लिने माननीय सदस्यको नाम दलीय आधारमा प्राप्त भएको छ । अब म माननीय सदस्यहरूलाई क्रमशः सयम उपलब्ध गराउँछु । माननीय गोपी बहादुर सार्की आछामी । समय ५ मिनेट । यसपछि माननीय देवेन्द्र दाहाल ।

**(१३:२८ बजे) <u>माननीय श्री गोपी बहादुर सार्की आछामी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्ष महोदय, नेपाल सरकारको तर्फबाट आर्थिक वर्ष २०८०/०८१ को नीति कार्यक्रम अस्ति शुक्रवार सम्माननीय राष्ट्रपतिले दुवै सदनमा पेस गर्नुभएको छ । म सर्वप्रथम त यो ७० पेजको १८८ बुँदामा प्रस्तुत गरिएको नेपाल सरकारको तर्फबाट प्रस्तुत गरिएको नीति तथा कार्यक्रम असाध्यै राम्रो समय सान्दर्भिक र वस्तुनिष्ट ढङ्गले आएको छ । त्यस कारणले गर्दाखेरि म यसलाई समर्थन गर्न चाहन्छु र यसको सफलताको निम्ति शुभकामना पनि व्यक्त गर्न चाहन्छु । नीति कार्यक्रमका विषयहरू धेरै छन् तर समय हामीसँग असाध्यै छोटो र फेरि मेरो आफ्नो बोल्ने चाहिँ असाध्यै ढिलो बोल्ने भ'को कारणले गर्दाखेरि मैले धेरै बोल्न सुझाव राख्न त मैले सम्भव छ जस्तो देखिराखेको छैन । मैले केही कुराहरू बुँदागत रूपमा नोट बनाउने कोसिस गरेको छु ।

हामीलाई थाहा छ । कोभिडको कारणले अन्तर्राष्ट्रिय रूपमा चाहिँ रसिया र युक्रेनको युद्धको कारणले गर्दाखेरि राष्ट्रिय अन्तर्राष्ट्रिय सबैतिर अर्थतन्त्र असाध्यै कमजोर र चुनौतीपूर्ण स्थितिमा छ । नीति कार्यक्रमले धेरै कुराहरू एउटा सन्देशको रूपमा दिन खोजेको छ । यो राष्ट्रिय अर्थतन्त्रलाई एउटा ढङ्गले अगाडि बढाउने हिसाबले रोजगारी सृष्टि गर्ने हिसाबले र उत्पादकत्व वृद्धि गर्ने हिसाबले जसरी कार्यक्रमहरू अगाडि बढाउन कोसिस गरिएको छ र यसका चुनौतीको रूपमा केही विषयहरू छन् । चुनौतीको रूपमा आएका विषयहरू भनेको चाहिँ भ्रष्टाचार कमिसन र अनियमितता अहिले सरकार गठनपछि यो सरकारले एउटा ढङ्गले कामअगाडि बढाइरखेको छ र जनतामा सामान्यतया एउटा आशा विश्वास र भरोसा पनि जागरित

र अङ्कुरित हुँदै गैरहेका छ । सुशासनको क्षेत्रमा सामाजिक न्यायको क्षेत्रमा र आर्थिक समृद्धिको क्षेत्रमा अगाडि बढिने छ भन्ने प्रतिबद्धतासहित सरकार अगाडि बढेकोमा सुशासनको क्षेत्रमा अहिले भ्रष्टाचारका घटनाहरू जसरी देखापरिराखेका छन् त्यसलाई यो सरकारले कारबाहीको क्षेत्रमा आज त्यसलाई चाहिँ अदालत पेस गर्ने तयारी पनि भैराखेको मैले सूचना पाइराखेको छु । यो हिसाबले हेर्दाखेरि अब राष्ट्रको विरुद्ध समृद्धिको विरुद्ध नेपाल जनताको विरुद्ध आएको विषयलाई चाहिँ प्रहार गरिराखेको स्थिति र अहिले बजेट यो नीति कार्यक्रममा पनि र यसको सैद्धान्तिक प्राथमिकताका विषयमा पनि यसलाई महत्त्वका साथ ल्याएको र यसलाई अब आर्थिक वर्षको बजेट बन्दाखेरि बजेटमा पनि यस्ता खालका क्रियाकलापहरूलाई निरुत्साहित गर्ने हिसाबले कारबाहीको दायरमा ल्याउने हिसाबले जनतामा एउटा आशा, विश्वास र भरोसा पैदा गर्ने हिसाबले अगाडि बढ्ने जुन यो सरकारको नीति कार्यक्रम भित्र आएको छ । यो असाध्यै राम्रो कुरा हो । अहिले सरकार गठनपछि आर्थिक परिसूचकमा केही वृद्धि बढोत्तरीजस्तो भ'को एउटा लयमा आ'को राजस्व बढ्दै गएको स्थिति सुधारान्तर । वैदेशिक सञ्चितिको चाहिँ स्थिति बढेको बैङ्क ब्याजमा तुलनात्मक रूपमा चाहिँ घट्दै गएको विदेशी लगानी पनि वृद्धि हुँदै गएको जुन स्थिति चाहिँ देखिएको छ । त्यो एउटा सकारात्मक पनि हो ।

यसले केही महत्त्वपूर्ण विषयहरू उठाउन खोजेको छ । यो महत्त्वपूर्ण विषय चाहिँ सरकारी खर्चमा मितव्ययिता र उत्पादकत्व चाहिँ वृद्धि गर्ने हिसाबले अगाडि बढ्ने जुन एउटा विषय विकास खर्चमा वृद्धि गर्ने विषय, गरिबलाई ३० र ५० युनिटसम्म विद्युत् महशुलमा छुट दिने विषय न्यून आय भएकाको चाहिँ लघु बिमाको व्यवस्था गर्ने विषय र हिमालको पानी र तिल गंगाको आँखा अस्पतालले विकास गरेको ग्लासलाई अन्तर्राष्ट्रिय हिसाबले ब्रान्डिङ गर्नुपर्छ भनेर र अर्को चुरेमा भएका चाहिँ खनिजजन्य पदार्थलाई बाहिर निकासी गरेर हामी राज्यको आय वृद्धि गर्न सक्छौं भन्ने हिसाबले जुन विषय लिएको छ । यो राम्रो छ । निजगढ विमानस्थललाई बनाउने कुरा स्वागतयोग्य छ । त्यहाँ अलिकति विराटनगर विमानस्थललाई पनि जोड्न पाएको भए । राम्रो हुन्थ्यो । त्यस्तै गरी चाहिँ गोरखकाली रबर उद्योग, हेटौंडा कपडा कारखाना, बुटवलको धागो कारखाना जस्तैः विराटनगरको जुट मिललाई पनि जोडन पाएको भए हुने थियो ।

अर्को कुराः गेटा मेडिकल कलेज अगाडि बढाउने भन्या जस्तैः पूर्वाञ्चल विश्वविद्यालयको पनि ३०० बेडको हस्पिटल अगाडि बढाउने विषय पनि नछुटाउन पाएको भए हुन्थ्यो यो एउटा राम्रो पक्ष छ र यसलाई हामीले सुझावको रूपमा सरकारले लिएर चाहिँ थप अगाडि बढाओस् भन्ने चाहन्छु र अर्को एउटा कुरा के छ भने राम्रो कामको अनुसरण .....(समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय देवेन्द्र दाहाल । समय १५ मिनेट । यसपछि माननीय जितेन्द्र नारायण देव ।

(१३:३४ बजे) **<u>माननीय श्री देवेन्द्र दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्ष महोदय, आज हामी नेपाल सरकारको नीति तथा कार्यक्रम, जुन सम्माननीय राष्ट्रपतिज्यूले संघीय संसदको संयुक्त सदनमा प्रस्तुत गर्नुभएको थियो । त्यसको बारेमा आज हामी छलफलमा छौं । र मैले चैं यो नीति कार्यक्रमका विल्कुल नयाँ विषय चैं के हुन् भनेर खोज्ने कोसिस गरें । कोसिस गर्दाखेरि मैले के पाएँ भने तिनै पुरना कुरा राखेर केही नाराहरूको फ्लेभर दिएर आएको पाएँ । केही नाराहरू छन्, जुन नाराहरू चैं फेरि कस्तो छन् भने नसुहाउँदो खालका नाराहरू छन् । त्यसको अर्थ लाग्ने खालका खासै नाराहरू पनि छैनन्, देखिँदैनन् । जस्तो उदाहरणको रूपमा पहिले नेकपा एमालेको सरकारले एक्काउन्न सालमा आफ्नो गाउँ आफैं बनाउँ भनेर एउटा नारा ल्यायो र गाउँमा पैसा दियो । अहिलेसम्म नगएको ३ लाख रुपैयाँ हरेक त्यतिबेलाका गाउँ विकास समितिहरूलाई दियो । र जनतालाई आह्वान गर्यो, आफ्नो गाउँ आफैंबनाउँ भनेर । अनि जनताहरू उत्साहित भए । किनभने अहिलेसम्म जनताले १ पैसा पनि नपाएको अवस्थामा आफ्नो गाउँ आफैं बनाउँ भनेर सरकारले प्रोत्साहन स्वरूप पैसा दियो । र ३ लाखदेखि मैले मेरै गाउँमा ३ लाखबाट २७ लाखभन्दा बढीको काम भ'को मैले खुद देखेको छु । जनता उत्साहित भए । तर यहाँ चैं के देखियो भने आफ्नो स्कुल आफैं बनाउँ । आफ्नो स्कुल आफैं बनाउँ, आफ्नो घर छेउको स्कुल आफैं बनाउँ, आफ्नो हस्पिटल आफैंबनाउँ, यो कोन्सा ठुलो कुरो हो । त्यसमा के प्रोग्राम देको छ? आफ्नो स्कुल आफैंबनाउँ भन्नका लागि त हरेक स्कुललाई रकम देको हुनुपर्यो । हरेक स्कुललाई चैं प्रोत्साहन देको हुनुपर्यो । प्रोत्साहन स्वरूप केही चिज देको हुनुपर्यो । आफ्नो स्कुल आफैं बनाउँ । यसले गर्दाखेरि यो नाराको कुरा गर्दाखेरि पनि नारामा पनि खासै दम देखिएन ।

र मैले त के भन्या छु भने पुराना कार्यक्रमहरूलाई ल्याएर तिनै चिजहरू राखेर राष्ट्रपति जो चैं स्वास्थयको प्रतिकूल अवस्थाको बाबजुद पनि आएर पढिदिनुभयो । यसरी दुःख नदेको भा' हुन्थ्यो । बरु पुराना कार्यक्रमहरू चैं यथावत् छन् र नयाँ चिज चैं यो यो छन् भन्दाखेरि सानो ३, ४ पेजको हुन्थ्यो होला । त्यसो गरेको भा हुन्थ्यो भन्ने मलाई लाग्छ ।

अगि पनि माननीयज्यूहरूले आफ्नो संशोधनको क्रममा पनि राखिसक्नुभएको छ, पहिले नेकपा एमालेले ल्याएका लोकप्रिय कार्यक्रमहरू चैं यसबाट हटाइएको छ । प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रम भनेर प्रोग्रामसहित ल्याएको थियो । प्रधानमन्त्री रोजगार कार्यक्रम भनेर बजेटसहित ल्याको थियो । १ सय दिनको ज्याला कम्तीमा पनि युवाहरूलाई रोजगारी दिने, रोजगारी दिन सक्दैन सरकारले भनेदेखि युवाहरूलाई कम्तीमा पनि १ सय दिनको कामको ग्यारेन्टी गर्ने, काम दिने र ज्याला दिने । विपन्न आवास कार्यक्रमहरू लथालिङ्गजस्तो देखियो अब । त्यो तीव्र ढङ्गले अगाडि बढेको थियो । विपन्नहरूलाई घर बनाएर दिने सरकारले कार्यक्रम अगाडि सारेको थियो । त्यस सम्बन्धमा केही छन्याकछुनुक केही कुराहरू चैं कहीं कतै यसो आएजस्तो छ तर त्यसको बारेमा केही ठोस प्रतिबद्धता देखिँदैन ।

यो नीति कार्यक्रमको चर्चा नै गर्ने हो भने मुलुकका समस्याहरू एकातिर छन्, यो सरकारले देखेको नदेखे गर्या छ । अर्थतन्त्रका जटिल समस्याहरू छन् । अर्थतन्त्र धरासय बन्दै गएको छ । शान्ति सुरक्षाको स्थिति नाजुक भएको छ । प्रमुख प्रतिपक्ष दलका नेतालाई दिउँसै ढुङ्गा हानिन्छ । प्रहरीहरू घाइते हुन्छन् । शान्ति सुरक्षाको अवस्था गम्भीर छ । त्यसको बारेमा न यो सरकारले केही बोलेको छ, न यो सरकारले केही जवाफ देको छ । मैले त यहीँ सदनमा प्रश्न गर्या थिएँ, गृहमन्त्रीज्यू कतिजनालाई पक्डिनुभो? भनेर । अराजकता छ, बेथिति छ । यो नीति तथा कार्यक्रममा केही बोलेको छैन । यसमा देश बनाउने कमिटमेन्ट छैन । पहिलो कुरो त यसले मुलुकको समस्या नै पहिचान गर्न सकेको छैन भने समाधान कसरी गर्न सक्ला र? अध्यक्ष महोदय । यसको डेस्टिनेसन के हो? यसले आफ्नो बाटो नै तय गर्न सकेको छैन । अनि यसका प्राथमिकताहरू के हुन्? यसको नीति नै देखिँदैन, केको नीति? हाम्रा समस्याहरू यी हुन्, हाम्रो गन्तव्य यो हो, यी समस्या समाधान गर्दै हामी हाम्रो गन्तव्य यहाँ यसरी पुग्छौं भन्नुपर्ने हो । त्यो भन्न सकेको छैन । त्यो निर्धक्कसाथ भन्न सकेको छैन । त्यसैले यसले सरकारको नीति र कार्यक्रमको दर्जा प्राप्त गर्न सकेको छैन । यो सामान्य खेस्राको रूपमा मात्रै रहेको छ ।

म भन्न चाहन्छु यसले नीति र कार्यक्रम, नीति भनेको समग्र देशलाई हाक्ने, अब यो देश अगाडि बढ्छ भनेर समग्र देशको बारेमा जनतालाई आश्वस्तव गराउने के कार्यक्रम छ त यसमा? त्यसले गर्दाखेरि यो चैं नीति र कार्यक्रमको दर्जाको रूपमा पनि छैन भनेर त्यसकारण मैले भनेको । र यसलाई मैले सामान्य खेस्राको रूपमा लिएको छु । संयुक्त सदनमा सम्माननीय राष्ट्रपतिज्यूले आएर त्यो खेस्रा वाचन गरेर जानुभ'को छ ।

नेपालको संविधानको प्रस्तावनामा र धारा ४ मा ने समाजवाद प्रतिबद्ध रहने, समाजवाद उन्मुख राज्य व्यवस्था स्थापना गर्ने भनिएको छ । यो मैले पार्टीको कार्यक्रमको कुरा गर्दिन । नेकपा एमालेले के दृष्टिकोण लेको छ, माओवादी केन्द्रले के दृष्टिकोण लेको छ, नेपाली काँग्रेसले के दृष्टिकोण लेको छ, त्यतातिर म जान चाहन्नँ । तर संविधानले भनेका कुरा, संविधानले कमिटमेन्ट गरेको कुरा प्रस्तावनामा समाजवादप्रति प्रतिबद्ध रहने भनेको छ र धारा ४ मा समाजवाद उन्मुख राज्य व्यवस्था स्थापना गर्ने भनिएको छ । समाजवादमा कसरी पुग्ने भन्ने बारेमा यसको के योजना छ? कहीँ पनि देखिँदैन । हरेक आउने सरकारले संविधान कार्यान्वयनको लागि आफ्ना धारणाहरू, आफ्ना कार्यक्रमहरू ल्याउनुपर्ने हो तर त्यो देखिएको छैन ।

सरकारले छोटो समयमा सकारात्मक सूचकहरू भनेको रहेछ । यो ५ नम्बर बुँदामा उल्लेख गरेको छ । र सम्माननीय अध्यक्षज्यूमार्फत म माननीयज्यूहरू र सरकारले ध्यान आकर्षण गर्न चाहन्छु । बुँदा नम्बर ५ र बुँदा नम्बर १४ मा तुलना गरेर हेरौँ । बुँदा नम्बर ५ मा अर्थतन्त्र स्वभाविक लयमा फर्केको, राजस्व सङ्कलन भएको, वैदेशिक सहायता बढेको, लगानीमा सकारात्मक प्रभाव भएको, विप्रेषण आप्रवाह बढेको, विदेशी मुद्रा सञ्चितिमा बढेको भनेको रहेछ । अब १४ मा गएर हेर्दा के देखियो भने अर्थतन्त्रको समग्र मागमा रास आएको, तरलताको सङ्कुचन भएको, उच्च ब्याजदर भएको, मूल्य वृद्धि भएको, न्यून पुँजीगत खर्च, घट्दो राजस्व परिचालन तथा बाह्य क्षेत्र सन्तुलनमा परेको चाँपलाई सम्बोधन गरिने छ भन्या छ फेरि । भनेपछि पहिले चै राम्रा राम्रा कुरा भ'का छन् भन्ने अनि भरे चैं यस्ता यस्ता समस्या छन् भनेर १४ नम्बरमा यी पनि भन्ने भनेपछि यो सरकार आफैंलरखराको छ । लिगबाट लरखराइरहेको अवस्था छ । म यो सरकारसँग आग्रह गर्न चाहन्छु, वैदेशिक रोजगारमा गएकाहरू विप्रेषण आप्रवाह बढ्यो भनेर गर्व नगरौं । बरु यसबिचमा यति रोजगारी बढायौं वैदेशिक रोजगारमा जानेहरूको सङ्ख्या घटायौं भन्ने परिस्थिति चैं तयार गरौं न । त्यो चैं राम्रो हो ।

यो सरकारले भ्रष्टाचारमा शून्य सहनशीलता , यहाँ भ्रष्टाचारका कुराहरू धेरै आएका छन् । हामीले अहिले जुन अहिले यो डोल पिटिँदै छ, यसबाट पूर्ण विश्वस्त हुने अवस्था छैन । म भन्न चाहन्छु यो भुटानी शरणार्थी, नक्कली भुटानी शरणार्थी प्रकरणको बारेमा यसको निष्कर्ष के हो? हेर्नै बाँकी छ । दोस्रो कुराः यसमा विभेद हुन्छ कि हुँदैन? हेर्नै बाँकी छ । कसैलाई उन्मुक्ति दिने र कसैलाई फसाउने गरी सरकार आफैं लाग्छ कि भन्ने आशङ्का पनि बढिरहेको अवस्था छ । त्यसले गर्दा यो हेर्न हामीले बाँकी छ ।

अब यस संविधान र संघीयताको प्रभावकारी कार्यान्वयन गर्ने भनेको रहेछ । तर मलाई के लाग्छ भने कानुन बनाउने र बनेका कानुन लागु गर्ने सन्दर्भमा संघीय सरकारले कहिले पनि प्रदेशलाई छुट्टै सरकार हो भनेर हेरेको देखिँदैन । प्रदेशका आफ्नै क्रियाकलापले प्रदेश महङ्गो पाल्न नसक्ने सेतो हात्ती भयो भनेर प्रदेश खारेजीको माग उठ्न थालेको छ । यसले गर्दा पूरै संघीयतामाथि नै प्रश्न उठ्न थालेको छ । यो संघीय सरकारको कारणले पनि हो । बनेका प्रदेश सरकारहरू पनि संघीय सरकारको छायाँजस्ता भएका छन् । तलका प्रदेश पनि माथिको निर्देशन खोज्दै काठमाडौं आउँछन् । माथिकाले पनि बैठक बसेर निर्देशन दिएर पठाउँछन् । संघीय सरकार परिवर्तन हुनेबित्तिकै प्रदेश सरकार पनि धरमराउन थाल्छन् । र केही दिनमै पहिलेका सरकार ढल्छन् र नयाँ सरकार, गठबन्धनका सरकार बन्छन् । यसले संघीयताको मर्मलाई आत्मसात् गरेको हो र? संघीयताको मर्मलाई आत्मसात् गरेको देखिँदैन । त्यसैले गर्दा सरकारले संघीयतालाई आत्मसात् गरेर हामी संघीयतालाई सुदृढ गर्छौं भन्नु चैं गफ मात्रै हो कि? त्यतातिर ध्यान दिने हो कि? नत्र भने तलका सरकारहरूलाई सञ्चालन गर्नका लागि तलै दिन किन नसक्ने? तलका तल पनि दलहरू छन्, प्रदेश स्तरका पनि दलहरू छन् । बसेर उनीहरूले चैं सल्लाह गर्ने गरेर ती प्रदेशहरूलाई चलाउन किन नदिने? भनेपछि ६, ६ महिनामा माथिका सरकार, यहाँ त २ महिनामै चेन्ज भयो । २, २ महिनामा माथिका सरकारहरू चेन्ज हुने अनि फेरि २, २ महिनामा तलका सरकारहरू चेन्ज हुने । यसले गर्दा संघीयताको मर्मलाई हामी बुझेका छौं, आत्मसात् गरेका छौं भनेर, यो खेस्रा भनेर मैले भनें । यो खेस्रामा लेख्न मिल्छ कि मिल्दैन? मेरो विचारमा मिल्दैन ।

अनि यो राजस्व चुहावट रोक्ने कुरा गरेको रहेछ । विगतका सरकारले यही कुरा गरेका थिए, यही कुरा दोहोर्याएको छ । तर त्यसको ठोस योजना आएको छैन । कर्मचारी र मन्त्रीको मनोवृत्तिमा परिवर्तन नआउन्जेलसम्म यो सम्भव छ जस्तो मलाई लाग्दैन । कमिन्टमेन्ट मन्त्रीहरूले यहाँ आएर गर्नुपर्यो । यो किताबमा लेखेर मात्रै भएन । अनि यो खेस्रामा केही हास्यास्पद कुराहरू पनि छन् । कम्तीमा १ घन्टा हिँडेपछि १ झोलुङ्गे पुल हाल्ने रे । यो कहाँ हाल्ने हो? तराईमा हाल्ने हो कि? पहाडमा हाल्ने हो कि? हिमालमा हाल्ने हो कि? कहाँ हाल्ने हो? १ घन्टा हिँड्नेबित्तिकै एउटा झोलुङ्गे पुल हामीले पाउने भयौं । यस्तो कुरा यहाँ लेखेको रहेछ । मैले यो कुनै ढाँटेको छैन । यो हेर्नुहोला तपाईंहरूकै हातमा छ । यहाँ काहीं कतै लेखेको पनि छैन । यो पहाडमा पनि भन्या छैन, मधेसमा, काहीं केही भन्या छैन । १ घन्टा हिँडेपछि, हिँडेपछि एउटा झोलुङ्गे पुल हाल्ने भनेर लेखिएको छ । यसले गर्दा होला भनेर

माननीयज्यूहरूले शङ्का व्यक्त गर्नुहोला तर यो चैं काहीँ पनि लेखिएको छैन । पहाडकै भए पनि १ घन्टा हिँडेपछि झोलुङ्गे पुल प्राप्त गर्नेभो' । र यस्तो खालको हास्यास्पद कुराहरू पनि छन् ।

यतिबेला सहकारीहरू धमाधम टाट पल्टदै बचतकर्ताहरूको रकम डुबिरहेको सन्दर्भमा डुबेको रकम फिर्ता हुने के योजना छ? भागिरहेका छन् तिनीहरू त । तिनीहरूको सुरक्षा के हो? त्यतातिर ध्यान दिनुपर्ने, सहकारीको कुराहरू गर्दाखेरि । तिनै पुराना कुराहरूको रटानले सेवाग्राहीहरूलाई केही राहत हुन्छ र? मेरो विचारमा राहत हुँदैन ।

यो सरकारले यो नीति तथा कार्यक्रममा ल्याई लागु गर्नका लागि यसमा उल्लेख भएअनुसार मैले गनेर हेर्दाखेरि के देखियो भने ३१ वटा कानुनहरू चैं बनाउनुपर्ने रहेछ र ३१ वटा कानुन निर्माण गरेर यो सरकारले यो नीति तथा कार्यक्रम लागु गर्न सक्ने र'छ । गन्नुहोला तपाईंहरूले पनि । यहाँ कानुनको कुरो उल्लेख गर्या छ । यो गत अधिवेशन, विधेयक अधिवेशन भनेर भनिएको अधिवेशनमा चैं कतिवटा कानुन बनायो? भनेपछि यो जनतालाई देखाउने कुराहरू मात्रै हो ।

र मसँग समय छैन । राष्ट्रिय भूमि आयोगको कुरा गर्दा दलितलाई दिने, जग्गा दिने कुरा गर्दाखेरि ६५ हजारमा ४९२ जनालाई बल्ल मात्रै दिएको रहेछ । त्यसकारणले गर्दाखेरि यी सबै कुराहरूलाई हेर्दा यो सरकारले कुनै जनतालाई राहत दिने कार्यक्रम ल्याउनेवाला छैन र निराश मात्रै बनाएको छ । अध्यक्ष महोदय, त्यसकारण यो सरकारले ल्याएको यो कार्यक्रम लागु हुने अवस्था म देख्दिन । यति भन्दै म आफ्नो भनाइलाई अन्त्य गर्न चाहन्छु । हवस् त, धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय जितेन्द्र नारायण देव । समय ७ मिनेट । यसपछि माननीय राजेन्द्र लक्ष्मी गैरे ।

**(१३:४९ बजे) <u>माननीय श्री जितेन्द्र नारायण देव (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्ष महोदय, आनी छोइङ डोल्मा बहिनीले एउटा गित गाउनुभ'को छ । जो सारै लोकप्रिय छ । हामी सबैलाई थाहा छ । "फूलको आँखामा फूलै संसार, काँडाको आँखामा काँडा संसार" यो दस्तावेजलाई यो नीति र कार्यक्रमको दस्ताबेजलाई हामी कुन आँखाले हेर्ने । आग्रह र पूर्वाग्रहको आँखाले हेर्ने कि साँच्चैकै इमानदार भएर जे छ । जे छ । सत्यलाई सत्य भन्ने के भन्ने? म एउटा राजनीतिक अर्थशास्त्रको विद्यार्थी भ'को नाताले ५/६ वर्षदेखि यता मात्रै ५/६

वर्षदेखि र उता पनि ३/४ वर्ष धेरै नीति र कार्यक्रम र सिद्धान्त र प्राथमिकताहरू हेर्न पाएँ । सौभाग्यले हेर्न पाएँ । जनताको मायाले नेताहरूको आशीर्वादले मातापिताको आशीर्वादले हेर्न पाएँ म इमानदारीसाथ कुनै पनि आग्रह र पूर्वाग्रह नराखेर म काँग्रेसको सांसद हो भन्ने नाताले मात्रै होइन । म एउटा राजनीतिक अर्थशास्त्रको विद्यार्थीको नाताले भन्दाखेरि यसपालिको सिद्धान्त र प्राथमिकता र अहिलेको यो नीति र कार्यक्रम अत्यन्त सही छ । अत्यन्त मिहेनतले गम्भीरताले देशको जे समस्या छ नि त्यो पोलिटिकल क्षेत्रको समस्या मात्रै होइन । मूल त देशको आर्थिक

क्षेत्रको जे समस्या छ । सामाजिक क्षेत्रको जे समस्या छ । इभन परराष्ट्र क्षेत्रको जे केही चुनौतीहरू छ । ती सबैतिर बहुत मिहिन ढङ्गले यो नीति र कार्यक्रममा विचारहरू पुगेको छ । फस्ट सिद्धान्त जे संविधानले सिद्धान्त तय गरेको छ । समतामूलक, समाजवाद उन्मुख अर्थतन्त्र व्यवस्थाको निर्माण गर्ने । जे एउटा दिशा निर्देश हाम्रो संविधानले दिएको छ । त्यो आधारमा त्यो सिद्धान्तको आधारमा नीतिहरू तय गरिएको छ र त्यही आधारमा यहाँ कार्यक्रमहरू ल्याइएको छ । म समय कम भ'को हुनाले एक दुइटा उदाहरण मात्रै दिन चाहन्छु ।

कृषि क्षेत्रको कुरा गर्ने हो भने किन भन्दाखेरि बारम्बार हामीले भन्ने गरेका छौं । हाम्रो आर्थिक अर्थ व्यवस्थामा बाह्य परिसूचकहरू अहिले पोजेटिभ छन् । सबैले हामीले मानेका छौं । सरकारदेखि प्रतिपक्षसम्म मानेका छौं । देशैले मानेको छ । सबै अर्थशास्त्रीहरूले मानेका छन् । बाह्य परिसूचकहरू इन्करेजिङ छन् । पोजेटिभ छन् । हामीले अहिले एड्रेस गर्नुपर्ने आन्तरिक परिसूचक इकोनोमिक इन्डिकेटरहरूलाई परिसूचकहरूलाई हामीले सम्बोधन गर्नुपर्या छ । त्यो सन्दर्भमा उत्पादन नबढाइकिन इभन कार्ल मार्क्सले नै भन्नुभा' छ । इकोनोमीको मूल थिङ के हो के हुनुपर्छ । प्रोडक्सन, कन्जम्सन, डिस्ट्रिब्युसन, एक्सचेन्जमा मूल गुदी कुरा के हो भन्दाखेरि प्रोडक्सन हो । उत्पादन नबढुन् जेलसम्म मुलुकले न विकास हुन्छ न समृद्धि पाउँछ । न जनता सुखी हुन्छ । न खुशी हुन्छ । त्यसकारण यो कृषिको मात्रै कुरा गर्ने हो भने कृषिलाई बजारीकरण गर्ने उत्पादन उत्पादकत्व बढाउने भन्ने कुरा मात्रै होइन । कृषिको कनेक्टिभिटीको कुरा मात्रै होइन । यसपालि दुइटा कुरा नितान्त नयाँ आ'को छ । त्यो म ध्यान आकर्षण गराउन चाहन्छु । त्यो के भन्दाखेरि हाम्रो मुलुकभित्रै उत्पादन हुने केही प्रमुख उत्पादित वस्तुहरूको समर्थन मूल्यसमेत तोकेर जाने यो समर्थनमूल्य तोक्नुपर्छभन्दा बारम्बार वर्षौंदेखि किसानहरूले आन्दोलन गरिराखेको छ माग गरिराखेको छ । अहिलेसम्मको सरकारले त्यो भन्न सक्या थिएन । यसपालि केही प्रतिनिधिमूलक केही प्रमुख उत्पादित वस्तु कृषि उत्पादित वस्तुहरूको समर्थनमूल्य तोकेर जाने भनेर आ'को छ ।

(१३:५३ बजे) **<u>पीठासीन</u>**:- माननीय उपाध्यक्ष श्री उर्मिला अर्याल ।

**<u>माननीय श्री जितेन्द्र नारायण देव (नेपाली काँग्रेस)</u>**:- दोस्रो कुरा: के भन्दाखेरि मल खादको व्यवस्था त गर्ने भनेकै छ यसमा । भनेको छ । समयमा गर्ने प्रतिबद्धता जाहेर गरेको छ । त्यति मात्रै होइन यसपालि ऐतिहासिक रूपमा नयाँ कुरा के आ'को छ भने बहुवर्षीय योजनाको आधारमा देशभित्र एउटा रसायनिक मलको कारखाना खडा गर्ने भर्खरै अहिले मिडियामा हामी सबैले पढेकै हुनुपर्छ । अहिले प्रधानमन्त्रीज्यूको सम्भावित भारत भ्रमणको सन्दर्भमा पनि एउटा महत्त्वपूर्ण एजेन्डाको रूपमा रसायनिक मल कारखाना नेपालमा खडा गर्ने विषयमा त्यहाँ पनि छलफल हुन्छ । भन्दाखेरि यति गहिराइको साथ यति गम्भीरताको साथ संवेदनशीलताका साथ नेपाल सरकारले वर्तमान सरकारले देशभित्र पनि र मित्र राष्ट्रहरू डोनर हामीलाई स्पोर्ट गर्ने मित्रहरू साझेदारहरूलाई पनि यो हामी बहुसंवेदनशील रूपमा कृषि आधारित देश हो यो । कृषि मूलत: कृषिमा आधारित देश नेपाल हो । एउटा केमिकल फर्टिलाइजरको लागि तपाईंहरूले सहयोग गर्दिनुस् । हामी पनि आफ्ना आन्तरिक साधन र स्रोतलाई उपयोग गर्छौं । यसमा म्याक्सिमम रूपमा भने यति गम्भीरतासाथ यो इस्यूलाई चाहिँ नेपाल सरकारले क्याच गरेको छ र त्यो कुरा यो नीति र कार्यक्रममा आ'को छ । मैले कृषिको कुरा मात्रै गरेँ । नयाँ नितान्त रूपमा एक दुइटा नयाँ कुरा एउटा पोलिटिकल कमिट्मेन्टको आधारमा आ'को छ ।

त्यति मात्रै होइन । गोरखकाली रबर उद्योग, बुटवल धागो कारखाना, हटौंडा कपडा उद्योगलाई कम से कम अब हामी फेरि नयाँ ढङ्गले सञ्चालन गरेर जाऔँ । त्यो एउटा पोलिटिकल कमिट्मेन्ट जाहेर भ'को छ । विद्युत् उत्पादनको क्षेत्रमा ट्रान्समिसन लाइनलाई मूल एउटा गुदी मानेर किनभन्दाखेरि अब उत्पादन त भैराखेको छ । अब निजी क्षेत्रले गरिराखेको, सरकारी क्षेत्रले गरिराखेको छ । धमाधम इन्भेस्टमेन्टहरू भैराखेको छ । उत्पादन भैराखेको छ । जल विद्युत्को अब बेच्ने कहाँ कसरी? दक्षिणतिर कसरी इन्डियातिर? बङ्गलादेशतिर, चाइनातिर, तिब्बततिर भन्दाखेरि त्यो ट्रान्समिसनको कुरालाई अत्यन्त हाइयस्ट प्रायोरिटीमा यसमा कुरा ल्याइराखेको छ ट्रान्समिसनलाई बनाउने भन्ने सन्दर्भमा । त्यसकारणले पर्यटनको क्षेत्रमा त्यस्तै पोलिटिकल्ली भन्ने हो भने करप्सनको क्षेत्रमा, सुशासनको क्षेत्रमा, सेवा प्रवाहको क्षेत्रमा आदि इत्यादि सबै क्षेत्रलाई समेटेर आएको यो नीति र कार्यक्रम हो ।

सम्माननीय अध्यक्ष महोदय, त्यसकारणले म त सम्माननीय अध्यक्ष महोदयमार्फत देशभरिका अर्थशास्त्रीहरूलाई राजनीतिक अर्थशास्त्रीहरूलाई पोलिटिकल फोर्सेसहरूलाई म आह्वान गर्न चाहन्छु । कि हामी यो आनी छोइड डोल्मा बहिनीले भने जस्तैः "फूलको आँखाबाट यसलाई हेरौं र ठिकलाई ठिक र बेठिकलाई बेठिक भनौं र राष्ट्रको समस्यालाई सबैको समस्या हो । हामी सबै जिम्मेवार भएर देशलाई बनाऊँ र मुख्य कुरा नेपाल सरकारलाई मैले आग्रह गर्न के खोज्छु भन्दाखेरि त्यो पोलिटिकल कमिट्मेन्ट त्यो इमानदारी त्यो एउटा राजनीतिक इच्छा शक्ति पोलिटिकल विल पावर आउनुपर्दछ । यसलाई इम्पिलिमेन्टेसन इम्पिलिमेन्टेसन भएर गयो भने अत्यन्त सुन्दर हुन्छ । कार्यान्वयनको पक्षलाई नेपाल सरकारले अत्यन्त महत्त्वपूर्णको साथ ग्रहण गरोस् । यो आग्रह गर्दै म आफ्नो कुरा टुङ्ग्याउँछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय राजेन्द्र लक्ष्मी गैरे । समय ७ मिनेट । त्यसपछि माननीय खिमलाल देवकोटा ।

(१३:५७ बजे) **माननीय श्री राजेन्द्र लक्ष्मी गैरे (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्षज्यू, अध्यक्षज्यू, विशेष गरी सरकारले ल्याएको २०८१/८२ को नीति कार्यक्रममा हामीले सरसर्ती हेर्दा आत्मसात् गर्दा राम्रोसँग नै आएको छ । अझै हाम्रा बिचारहरूले यसलाई परिस्कृत गराउनुपर्छ भन्ने लागेको छ । त्यसैले मैले केही कुराहरू राख्न चाहन्छु ।

बुँदा २२ मा युवाहरूलाई ज्ञान, सीप, पूँजी र प्रविधिको पहुँचलाई विकास र समृद्धिसँग जोड्ने विशेष कार्यक्रम सञ्चालन गर्ने भन्ने छ । यस्तो कार्यक्रम विशेष कार्यक्रम सञ्चालन गर्ने भन्दा हामीसँग भएको जल, जमिन, जङ्गल जे हामीसँग नेपालमा हामीसँग भएको नेपालीसँग भएको सम्पत्ति हो । त्योसँग हामीले कसरी जोडेर ल्याउन सक्छौं? र हामीले समृद्धि हासिल गर्न सक्छौं भन्ने कुरा चाहिँ योजनामा आओस् भन्ने चाहिँ चाहन्छु ।

बुँदा २५ मा दिगो विकास लक्ष्य हासिल गर्ने रणनीतिहरू ल्याउने कुरा छ । दिगो विकास हासिल गर्ने रणनीतिको कुरा गर्दा विशेष गरी महिला, बालबालिका र युवासँग छुने गरी सन् २०३० सम्म दिगो विकास लक्ष्य राखिएका कुराहरूलाई म कोड गर्न चाहन्छु । र २०३० सम्म बालश्रमको निर्मुल गर्ने भन्ने छ । हामी दिगो विकासको लक्ष्यको कुरा गर्दा २०३० सम्म हामी बालश्रम अहिले पनि हामीले देख्छौं । हामी चढ्ने गाडीमा बच्चाहरूले ढ्याप ढ्याप गरिरहेका छन् । हामीले खानी चिया होटलहरूमा बच्चाहरूले सोध्न आएका छन् । भात

खाने ठाउँमा सोधन आएका छन् । अझै पनि हाम्रो नेपालमा बालश्रम छ । हामी २०३० सम्म कसरी उन्मुलन गर्न सक्छौं? भनेर रणनीतिमा आउनुपर्छ होला भनेर मलाई लाग्छ ।

बाल विवाहको अन्त्यको कुरा २०३० सम्म बाल विवाह अन्त्य गर्ने कुरा छ । आज बाल विवाह कै कारणले गर्दा कलिलै उमेर आमाहरू, बच्चाहरू आमा भएका छन् । १८ वर्ष नपुग्दै आमाहरू भएका छन् । र आमा र बच्चा दुवैको ज्यानहरू जोखिममा पनि छ । त्यसो हुँदाखेरिमा त्यो रणनीति कार्यक्रमले कसरी उन्मुलन गर्न सकिन्छ? भनेर आउनुपर्ने हो । आउनुपर्ने हुन्छ । र हामीले शिशु मृत्युदर, बाल मृत्युदर घटाउने कुरा गरेका छौं । आज हामीले हेर्दाखेरि शिशु मृत्युदर पनि बढ्दो सङ्ख्यमा युवाहरूको जनसङ्ख्या घट्दो सङ्ख्यामा नेपालको स्थितिलाई सरसर्ती हेर्दाखेरिमा त्यस्तो अवस्था छ । अहिले गाउँमा बुढाबुढी आमाहरूको बाबाहरूको सङ्ख्या बढ्दो छ । हिजो हाम्रो नेपालको संस्कृति चलन हाम्रो हजुरआमा, हजुरबा सबै जना नाति, नातिना एउटै परिवारमा बस्ने पेन्सन लिन जाँदा नातिले डोऱ्याउँदै लैजाने, बोकेर लैजाने । आमा, हजुरआमाहरूले त्यतिकै माया गर्ने हिजोको हाम्रो संस्कार यो संस्कार देखिर विदेशीहरूले नेपालबाट सिक्नुपर्ने कुरा छ । त्यहाँ सबैको सम्मान हुन्छ । माया हुन्छ । परिवार कसरी बस्छ भनेर नेपालमा सिक्न योग्य कुरा हो भनेर प्रशंसा गर्ने गर्दथ्ये । आज हाम्रो गाउँहरूमा युवाहरू खालि भएको छ । बुढाबुढी आमाहरू त्यहाँ रहनुभएको छ । अफ्ठ्यारो पर्दाखेरिमा विवाह, भोज, भत्तेर, मर्दापर्दा सबै पैसाबाट गर्नुपर्ने चलन आएको छ । यसो भएको हुनाले हामीले यो कुरालाई कसरी हिजोका हाम्रा राम्रा संस्कृति र संस्कारहरूलाई कसरी जगेर्ना गरेर लान सक्छौ? भनी कुरा पनि आउँदाखेरिमा हुन्छ भन्ने मलाई लाग्छ ।

हामीले यसो भनिरहँदा आसा मर्ने ठाउँ चाहिँ मरिहालेको चाहिँ छैन । आसा गर्न सकिने ठाउँ के छ भने जिरो देखि अठार वर्षसम्मको जनसङ्ख्यालाई हेर्दाखेरि अड्तिस देखि चालिस पर्सेन्ट अहिले पनि बालबालिकाहरू छन् । जनसङ्ख्या हामीले देख्छौं । अड्तिस देखि चालिस पर्सेन्ट चाहिँ भने जिरो देखि अठार वर्षसम्मको सङ्ख्या छ । यो सङ्ख्यालाई हामीले सोध्दाखेरि बालबालिका राष्ट्रिय गौरव हुन भनेर हामीले आत्मसात् गऱ्यौं भने मानव जीवनमा बालबालिकाको विकासको कुरा बाल्यकाल नै सबैभन्दा महत्त्वपूर्ण कुरा हुन्छ । त्यसैले गर्दाखेरिमा बाल विकासका लागि आधारभुत कुराहरू विकास बृद्धि गर्ने कुरा न्यायपूर्ण वितरण गर्ने कुराहरू महत्त्वपूर्ण न्यायपूर्ण प्रणालीको कुराहरू महत्त्वपूर्ण छन् ।

त्यस्तै गरी हामीले कक्षा बाह्रसम्म स्थानीय तहले निःशुल्क पढाउन सक्ने कुरा शिक्षा निःशुल्क हामीले भन्यौं । तर हामीले यो कुरा व्यवहारलाई अहिले पनि उतार्न सकेका छैनौं ।

अहिले हाम्रा स्कुलहरू निःशुल्क भइसकेका छैनन् । व्यवहारमा कार्यान्वयन गर्नको निम्ति हाम्रो कहाँनिर समन्वय पर्ने हो? यो कुराहरूलाई खुलाएर आउनुपर्छ होला भन्ने मलाई लाग्छ । र सामाजिक रूपमा सशक्तिकरणको कुरा उत्थानको कुरा पर्यावरणीय दृष्टिकोणले चाहिँ प्राकृतिक संरक्षण संवर्द्धनको कुरा छ । यो कुराहरूलाई हामीले जोड् दिनुपर्छ होला ।

र ३७ मा तरकारी, फलफुलमा उत्पादन बृद्धि गर्ने कुरा छ । उत्पादन हामी बृद्धि गरौंला । उत्पादन गरेको, बृद्धि गरेको चिजलाई हामीले बजारमा बिक्री गर्ने कुरा, सरकारले खरिद गर्ने कुरा र उपभोक्ताले चाहिँ सस्तो मूल्यमा खान पाउने कुराको ग्यारेन्टी गर्नुपर्ने भएको छ । किसानले सस्तोमा बेच्ने र उपभोक्ताले महङ्गोमा खाने बिचका मान्छे मोटाउने । यो खालको कुरालाई सरकारले नै खरिद गर्दिनुपर्दछ । र उपभोक्तालाई उपलब्ध गराउनुपर्छ भन्ने कुरा हो ।

र लैङ्गिक समानताका कुरा गर्दाखेरि महिला सशक्तिकरणको कुरा नीतिलाई प्रभावकारी कार्यान्वयन गर्ने कुरा छ । यो कुरा प्रभावकारी कार्यान्वयन गर्ने कुरा चाहिँ जब हुन्छ । राज्यका हरेक संरचनाहरूमा कम्तिमा महिलाहरू पचास प्रतिशत र राजनीतिक पार्टीका पनि हरेक संरचनामा पनि पचास प्रतिशत । यो गर्दा हामीले कार्यान्वयनमा ल्याउनुपर्छ । त्यसो भयो भने हुन सक्दछ । र महिलाको चाहिँ नीति निर्माण तहमा महिलाको नेतृत्वलाई स्वीकार गर्ने कुरा जोड दिने कुरा छ । र विकास गर्ने कुरा मात्रै नभएर अहिले महिलाहरूले उठाएको कुरालाई नीति निर्माणलाई स्वीकार गर्दियो भने महिलाको अस्थित्वलाई स्वीकार गर्यो भने पनि धेरै कुराहरू हामीले गर्न सक्ने अवस्था हामीले देखेका छौं ।

र महिलाको शिक्षा, स्वास्थ्य, रोजगारीमा चाहिँ सहितको प्राविधिक शिक्षामा चाहिँ महिलाहरूलाई चाहिँ कमसेकम उच्च शिक्षा पढ्नेसम्म प्राविधिक शिक्षामा निःशुल्क गरियो भने महिलाहरूलाई हामीले अगाडि बढाउन सक्छौं भन्ने मलाई लाग्छ । र त्यस्तै गरी चाहिँ विद्यालयको सर्वसुलभ गुणस्तरीय शिक्षा १२५ मा छ । विद्यालयको पाठ्यक्रममा हाम्रा बच्चाले बोक्न नसकिने भारी किताबहरू छन् । तिनीहरूका पाखुरा खिइसकेका हड्डिहरू गलिसकेका हुन्छन् । त्यसैले पाठ्यक्रम सुधार गर्नुपर्दछ । र बच्चाले बोक्न सक्ने खालको पाठ्यक्रमको निर्माण गर्ने । र त्यो पाठ्यक्रममा चाहिँ हामीले नैतिक आचारणका कुराहरू हामीले त्यो पाठ्यक्रममा राख्न सकियो भने मात्रै र हाम्रो बच्चाहरूले बाटो काट्ने कसरी? गाडी चलाउने कसरी? मोवाइल बनाउने कसरी? यस्ता कुराहरू पनि छन् । आफ्नो उनीहरूको पाठ्यक्रम भयो भने सहजै उपयोग गर्न सजिलो हुने कुरा यहाँ राख्न चाहन्छु ।

**सम्माननीय अध्यक्ष**:- माननीय खिमलाल देवकोटा । त्यसपछि माननीय महेश कुमार महरा । समय ५ मिनेट । खिमलाल देवकोटा, माननीय खिमलाल देवकोटा ।

(१४:०५ बजे) **माननीय श्री खिमलाल देवकोटा (स्वतन्त्र)**:- सम्माननीय अध्यक्ष महोदय, माननीय जितेन्द्र नारायण देवले भने जस्तै नीति तथा कार्यक्रमलाई फुलको संसारले, फुलको आखाँले हेर्दा केही राम्रा कुराहरू पनि छन् । जस्तो संघीयताको कार्यान्वयन कै सम्बन्धमा, तीन तहका सरकार बिच दोहोरोपना अन्त्य गर्ने, राष्ट्रिय समन्वय परिषद्लगायतका समन्वयकारी संस्थाहरू क्रियाशील गराउने, वित्तीय संघीयताको प्रभावकारी कार्यान्वयन गर्ने, संघीयताको भावना विपरितका संस्थाहरू खारेज गर्ने, तीन तहको प्रशासनिक संरचनामा सुधार गर्ने आदि । सेवा प्रवाहमा एकद्वार प्रणालीलगायत वित्तीय अनुशासन, सुशासन प्रवर्द्धनलगायतका क्षेत्रहरूमा पनि केही राम्रा कार्यक्रमहरू छन् । संघीयताको कार्यान्वयनसम्बन्धी जुन संसदीय अनुगमन समिति बनेको थियो । त्यो संसदीय अनुगमन समितिका धेरै सिफारिसहरू नीति तथा कार्यक्रममा परेका छन् । यसको लागि म सरकारलाई धन्यवाद पनि दिन चाहन्छु ।

नीति तथा कार्यक्रमको अर्को पाटोको चर्चा गर्दा यसले प्रदेश र स्थानीय तहको कार्यक्षेत्र मिच्यो कि भन्ने मेरो बुझाइ छ । संविधानत संघीय सरकारको भूमिका नीति तर्जुमा गर्ने हो । अन्तरतह समन्वय र सहकार्य गर्ने हो । अन्तर प्रादेशिक विकासलगायतका कार्यक्रमहरू सञ्चालन गर्ने । हामी भन्छौं गेमचेन्जर र strategic importance का कार्यक्रमहरू सञ्चालन गर्ने हो । हुनत यो कुराहरू यहाँ समेटिएको पनि छ । तर विषयगत मन्त्रालयतिर जाँदाखेरि यो विल्कुल फरक छ । दुविधा खालको छ । दोहोरो अर्थ लाग्ने खालको छ । प्रदेशलाई विकासको एउटा संवाहक एउटा साँचो बनाउनुपर्छ भन्ने संविधानले स्वीकार गरेको पनि छ ।

स्थानीय सेवा प्रवाह र स्थानीय पूर्वाधार विकासको जिम्मेवारी स्थानीय तहको हो । संविधानको यो भावना र आशय विपरित नीति तथा कार्यक्रम बन्यो कि भन्ने मेरो बुझाइ पनि छ । केही अपवादबाहेक संघीय सरकार प्रदेशभन्दा तल चाहिँ झर्न हुँदैन । संघीय सरकार प्रदेशभन्दा तल चाहिँ झर्न हुँदैन । यो संविधानको स्पष्ट मार्गदशन पनि हो । तर प्रदेशको त कुरै छाडिदिऊ, प्रदेशसम्मको त कुरै छाडौं । वडाभन्दा पनि तल टोलसम्म, घरसम्म यो नीति तथा कार्यक्रम झरेको छ । जस्तो घर घरमा धारा, एक टोल एक सामूहिक कृषि उत्पादन । एक वडा एक खेल मैदान, एक पालिका एक कर्भड हल । यस्ता कार्यक्रम संघीय सरकारले मात्रै होइन । प्रदेशले पनि गराउँदैन । यो स्थानीय तहले नै गर्छ । स्थानीय तह अहिले रु. लाख, करोडको कुरै छोड्दिऊँ, अरबको बजेट खेलाउने भइसके ।

संघीय सरकार अब जसले अरबौंको बजेट बनाउछ । अरबको बजेट बनाउनेलाई संघीय सरकारले, प्रदेश सरकारले तैले यो कार्यक्रम गर, त्यो कार्यक्रम गर भनेर तोकेर पठाउने हैन । किन भने स्थानीय तहहरू आफै स्वायत्त छन् । त्योभन्दा तल वडा तह पनि छन् । वडा सरकार पनि छन् । यो विषय हामीले बुझ्नुपर्छ । यो पाटोमा नीति तथा कार्यक्रम चुकेको छ भन्ने मलाई लाग्छ । अब यो प्राय हरेक विषयगत सेक्टरमा यो प्रदेशभन्दा तल झरेर स्थानीय तहसँग समन्वय गर्छु । सहकार्य गर्छु भनेर लेख्नुको मैले त्यति औचित्य पनि देख्दिन ।

अध्यक्ष महोदय, कैयौं विषयहरूमा अगिल्लो नीति तथा कार्यक्रम बजेट, अहिले अगिल्लो नीति तथा कार्यक्रम । यो चालु वर्षको बजेट यसलाई अगिल्लो बजेट जेसुकै बनाओस् । र अहिले अब यो अस्ति सम्माननीय राष्ट्रपतिले प्रस्तुत गर्नुभएको नीति तथा कार्यक्रमको बिचमा एउटा तादम्यता Conerence compatible भन्छौं हामीले त्यो मैले देख्या छैन । म केही उदाहरण पनि दिन्छु । जस्तो सार्वजनिक खरिद कानुनमा सुधार गरिनेछ । अगिल्लो नीति तथा कार्यक्रममा जे थियो । अहिले पनि जस्ताको त्यस्तै छ त्यही शब्द छ । बुँदा नम्बर अहिले १८ मा छ । अगिल्मा बुँदा नम्बर १७ मा थियो । नजितामा आधारित आयोजना व्यवस्थापन प्रणालीसहितको विकाससम्बन्धी अलग्गै कानुन बनाइनेछ । अगिल्लो नीति तथा कार्यक्रममा पनि त्यही छ अहिलेको पनि जस्ताको त्यस्तै हुबहु राखिएको छ । आगामि दुई वर्षभित्रमा भूमिहिन सुकम्वासी एवम् अव्यवहारिक बसोबासीको समस्या समाधान गरिनेछ । अगिल्लो चाहिँ दुई वर्ष भन्या छ । अहिले पनि दुई वर्ष भन्या छ । कम्तिमा अगिल्लो दुई वर्ष भनेपछि त अब एक वर्ष त लेख्नुपर्ने होला नि? त्यो पाटोमा पनि कमजोरी देख्या छु मैले ।

पुनः सञ्चालनको सम्भावना रहेको (सम्माननीय अध्यक्ष महोदय, मैले चाहिँ एक मिनेट प्लस समय पनि माग गरे ।) पुनः सञ्चालनको सम्भावना हरेको हेटौडा कपडा उधोग कारखाना सञ्चालनमा ल्याइनेछ भन्या छ, नीति तथा कार्यक्रममा । र यो वर्षको बजेट हामीले हेर्यौं भने के भन्या छ भने त्यो सञ्चालनमा ल्याएर अनि सार्वजनिक पदधारण गर्ने व्यक्तिहरूलाई चाहिँ कपडा लगाउन प्रोत्साहित गरिनेछ । अभिप्रेरित गरिनेछ भनेर ल्या'को छ । अगिल्लो बजेटमा चाहिँ त्यो सञ्चालनमा आइसक्यो । अहिलेको नीति तथा कार्यक्रममा चाहिँ अब सञ्चालनमा ल्याइनेछ भन्या छ । यो के भन्न खोजेको अलि तादम्यता कति मिल्या छैन जस्तो लाग्छ मलाई ।

अब यो कपिलवस्तुको तिलौराकोटलाई विश्वसम्पदा सूचिमा समावेश गरिनेछ । अहिले पनि छ । अगिल्लो वर्षमा पनि त्यही नीति तथा कार्यक्रम जस्ताको त्यस्तै राखिएको छ । यो सरकारले यो सामन्य कुराहरू किन गर्न सक्दैन? यदि आफ्नो कन्ट्रोलमा छैन भने प्रयास गरिनेछ भन्ने शब्द चाहिँ किन नलेखेको हो? यो पनि मैले प्रश्न गर्न चाहें ।

अर्को निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको सम्बन्धमा मैले अलिकति बोल्छु समाननीय अध्यक्ष महोदय, निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको निर्माणको कार्य अगाडि वढाईनेछ भनेर भनिएको छ । अब यो एकदम जरुरी पनि हो । ०७४ पछिका प्रत्येक सरकारका नीति तथा कार्यक्रममा यो विषय आएको छ । तर मैले अहिलेसम्मका कुनै सरकार हो । यो विषयमा मैले अहिलेसम्म त्यति seriousness पाएको छैन । जस्तो चालु आर्थिक वर्षको अहिलेको बजेटको वक्तव्यमा पनि छ । ९८ नम्बरमा के भनेको छ भने, यो लगानी तथा निर्माणको ढाँचाको कुरा गर्या छ । चालु आर्थिक वर्षको बजेटमा । मैले सम्बन्धित मन्त्रालयलाई पनि सोधेँ । अनि लगानी वोर्डलाई पनि  सोधेँ मैले केही पनि तयारै गरेको छैन । अब यो यो यो यसरी चाहिँ हरेक वर्ष बनाउछु भन्ने तर जनतालाई झुक्याउने काम नहोस् सम्माननीय अध्यक्ष महोदय ।

अर्को यो सहरलाई व्यवस्थित बनाउने ..... (समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय महेश कुमार महरा । समय ५ मिनेट । त्यसपछि माननीय शारदा देवी भट्ट ।

(१४:१२ बजे) **<u>माननीय श्री महेश कुमार महरा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्ष महोदय, हामी ०८०/०८१ को नीति तथा कार्यक्रममा छलफल गरिरहेका छौं । यो छलफलमा भाग लिनुभन्दा पहिला म एउटा । सम्माननीय अध्यक्षज्यू, म केही विषयमा कुरा राख्न चाहन्छु । केही समयअगाडि यो अर्थतन्त्रको बारेमा यहाँ सङ्कल्प प्रस्ताव पनि पास भएको छ । त्यस बेला पनि यहाँ अर्थमन्त्रीज्यूले ठिकै जवाफ दिनुभएको थियो र त्यही पछि लगतै सरकारले के गर्यो भन्दाखेरि सरकारले प्रदेश स्थानीय सरकारलाई गर्नुपर्ने वित्तीय हस्तान्तरण जो समानीकरण को छ । त्यसमा चाहिँ ५० प्रतिशत चाहिने कटौती गर्ने निर्णय गर्यो जसले गर्दाखेरि जुन शीर्षकमा स्थानीय र प्रदेशमा त्यो खर्च भैसकेको छ र त्यो खर्च भैसकेपछि त्यहाँ एउटा समस्या के भयो भन्दाखेरि त्यो जनतासित जोडिएको विषय र त्यो भुक्तानीमा अप्ठ्यारो भैरहेको छ । त्यसो भएको कारण यो किन भैरहेको छ र यो समस्यालाई कसरी हल गर्न सकिन्छ । म सरकारको जवाफ चाहन्छु । गाउँपालिका महासंघका प्रतिनिधिहरूले आज बिहानै पनि भेटेर यो कुरा सम्मानित सदनमा उठाइदिनुपर्यो भनिसकेपछि यो जनतासित जोडेको कुरा हो । त्यसो भएको कारणले यो विषय मैले राखें । र यसको जवाफ र यसको हल कसरी हुन्छ र यसको जवाफ पनि म नेपाल सरकारसँग जान्न चाहे र यो कुरा राखिसकेपछि जुन आज नीति तथा कार्यक्रममा हामी छलफलमा भाग लिइरहेका छौं ।

म राष्ट्रिय सभा निर्वाचित भैसकेपछि अब यो ५ वर्ष पूरा गरेर अब छैटौं वर्ष पूरा भनौं फागुनमा हुँदैन छ र जति यहाँ हरेक वर्ष नीति तथा कार्यक्रम आए । रूपमा हेर्दाखेरि सारै राम्रा छन् र वस्तुवादी पनि देखिन्छन् र वैज्ञानिक पनि देखिन्छ । तर एउटा मुख्य समस्या कहाँनिर आउँछ भन्दाखेरि कार्यान्वयनमा चाहिँ हुनसकिरहेको अवस्था छैन यो । यो किन सकिरहेको यसपालिको नीति तथा कार्यक्रमको पनि यसो हेर्दाखेरि राम्रो छ र वस्तुवादी पनि छ देखिन्छ तर अब यसलाई कार्यान्वयन हुन्छ कि हुँदैन शङ्का यहाँ छ र पहिलो कुरा यसलाई कार्यान्वयन गर्नका निम्ति आवश्यक के के हुन त चाहिने? आवश्यक नियमहरू अथवा ऐनहरूमा संशोधन गरेर हुन्छ । अथवा नयाँ ऐन ल्याएर हुन्छ । के हुन्छ । यसमा सरकारले ध्यान दिन पर्ने जरुरी देख्दछु ।

र यसै गरी यसपालिको उसमा के छ भन्दाखेरि आत्मनिर्भर बन्ने एउटा राम्रो बुँदा के छ भन्दाखेरि काठमा हामी आत्मनिर्भरका कुरा गरिरहेका छौं र काठमा के हुँदो रहेछ भने अघिल्लो नीति तथा कार्यक्रममा पनि वैज्ञानिक वनको अवधारणा ल्याएर ल्यायो तर त्यो कार्यान्वयन हुन सकेन । नभैसकेपछि त्यसपछि काठको सवालमा नेपालकै सन्दर्भको कुरा गर्ने हो भने "हरियो वन नेपालको धन" भनेर हामी भन्ने गर्छौं । तर हामी निर्यात गरिरहेका छौं । आयात गरिरहेका छौं काठ । काठलाई हामीले निर्यात गर्ने ठाउँमा नेपाल छ । यो किन भैरहेको छ भन्दाखेरि केही एकाध मान्छेहरूले यो भनौं बिचका बिचौलियाहरूले यस्तो खेलेर यो स्थिति भएको छ । त्यसो भएको कारण आज जो नीति तथा कार्यक्रममा काठमा आत्मनिर्भर भन्ने कुरा आइरहेको छ । यसलाई व्यवहारमा ढाल्नका निमित्त यसलाई व्यवहारमा कार्यान्वयन गर्नका निमित्त आवश्यक ऐनहरू र विनियमहरू के के छन् । यो संशोधन गर्न जरुरी छ । यसो हेर्दाखेरि प्रत्येक वर्ष ५१ अर्बको चाहिँ हामी काठ आयात गर्दा रहेछौं तर हामीले यदि यसलाई सही ढङ्गले ऐनलाई संशोधन गरेर हुन्छ । अथवा विनियमलाई संशोधन गरेर हुन्छ । कार्यविधि बनाएर हुन्छ । जो मलेसियाबाट जो काठ आइरहेको छ । यहाँ आयात भैरहेको छ । यसलाई प्रतिस्थापन गर्नका निमित्त नेपालमै प्रशस्त काठहरू छन् । कुहिरहेको छ । जङ्गलमा कैयौं सुकेका ढलेका काठहरू कुहिरहेका छन् । यसलाई व्यवस्थित गरेर ५१ अर्ब जो हामी पैसा पठाउँदै छौं । त्योभन्दा हामीले चाहिँ काठलाई निर्यात गरेर हामी आत्मनिर्भर गर्न सक्छौं । अर्थतन्त्र पनि हाम्रो बलियो हुन सक्छ ।

र अर्को कुरा मिडियामा पनि आयो प्रतिनिधि सभाका माननीयज्यूले एउटा विधेयककै रूपमा दर्ता गर्नुभएको थियो । नेपालको अर्थतन्त्रलाई अगाडि बढाउनका निमित्त यो गाँजा खेतीलाई व्यवस्थित गर्नुपर्छ । हामीसित भएका हाम्रा सम्पदाहरू हामीसँग जे जे छन् ।

तिनीहरूलाई सही सदुपयोग गरेर धनी बन्ने हो । तर यहाँ कुरो के छ भन्दाखेरि खोलामा आएका ती गिट्टी, बालुवालाई हामीले हातै लाउनुपर्दैन । त्यसलाई चलाउँदाखेरि विभिन्न मिडिया बाजी गरेर विभिन्न बिचौलियाहरूले त्यसको ऊ गरेर चाहिँ कामै गर्न नहुने अनि यो गाँजा खेती गर्नै नहुने भन्ने हैन । यदि हामी यो गाँजा खेतीलाई व्यवस्थित गयौं भने यसबाट हुने फाइदाहरू धेरै छन् । यसबाट कपडा पनि बन्न सक्छ । यसको दानाबाट अचार पनि बन्न सक्छ । तेल पनि बन्न सक्छ । एउटा अर्थतन्त्र नेपालको अर्थतन्त्रलाई चाहिने टेवा पुग्छ र यो गर्न हामीले जरुरी छ ।

अनि यो गिट्टी बालुवाको कुरा पनि के छ भने म आफ्नै डडेल्धुरा जिल्लामा एउटा उदाहरण दिन चाहन्छु । डडेल्धुरा जिल्लाको भित्र मधेसमा रङ्गुन नदी बगिरहन्छ तर त्यो गिट्टी, बालुवा पूरै भरेर खेत भनौ त्यहाँको खेतीयोग्य जो जमिन छ । त्यसलाई त्यो कम्तीमा त्यो गिट्टी, बालुवा त्यहाँबाट ल्याएर त्यसलाई हामीले बाहिरी देशमा निर्यात गर्न खोज्यौं भने अर्थतन्त्रलाई पनि टेवा पुग्ने र खेतीयोग्य जमिन पनि त्यहाँ सुरक्षित हुने बस्ती पनि सुरक्षित हुने यी यावत कुरामा चाहिँ नेपाल सरकारले ध्यान पुगोस् त्यति मात्रै होइन । कुननिर कहाँनिर समस्या छ । अथवा कानुनमा समस्या हो भने त्यसलाई संशोधन गरेर भए पनि अगाडि बढ्नुपर्छ र हामीले आत्मनिर्भर कसरी बन्ने भन्ने कुरामा चाहि आजको नीति भनौं अहिलेको नीति कार्यक्रमले त्यतातिर उन्मुख बोलेको छ र बोलेर मात्रै भएन यसलाई व्यवहार लागु गर्नका निमित्त अहिलेको सरकारले चाहिने विशेष ध्यान दिओस् भन्ने कुरा आफ्नो कुरा राख्दै बिदा हुन्छु । हस् त, अभिवादन ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय शारदा देवी भट्ट । समय ५ मिनेट । त्यसपछि माननीय नारायण दत्त मिश्र ।

(१४:१९ बजे) **<u>माननीय श्री शारदा देवी भट्ट (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्ष महोदय तथा माननीयज्यू, जेठ ५ गते सरकारले आर्थिक वर्ष २०८०/०८१ को लागि नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ । प्रस्तुत नीति तथा कार्यक्रम परम्परागत ढङ्गबाट नै आ'को छ । यसमा खासै नौलो कुरा केही छैन । यसले देशलाई निकास दिन सक्दैन जस्तो मलाई लाग्छ । यसमा पुराना कार्यक्रमलाई नै नयाँ चास्नीमा ढालेर प्रस्तुत गरिएको छ । सुन्दा केही छ कि भने जस्तो लाग्छ तर यथार्थमा केही पनि छैन । तरकारीमा सबै थोक हालेर नुन हाल्न बिर्सेको जस्तो छ ।

अध्यक्ष महोदय, सार्वजनिक नीति तथा कार्यक्रममा कुरा त ठुलठुला गरिएको छ । तर कार्यान्वयनको ..... छैनौं । अहिले देशमा आर्थिक सङ्कटको अवस्था छ । तर सरकारले ल्याइरहेको आर्थिक सङ्कटलाई सम्बोधन गर्ने गरी कार्यक्रम ल्याउन सकेको छैन । अर्थतन्त्र अवस्था दहिनिय छ । अहिले निजी क्षेत्रले सरकारलाई विश्वास गर्न सकेको छैन । वित्तीय संस्था विमार छ । वित्तीय संस्थालाई सरकारले नियमन गर्न सकेको छैन । जनताले वित्तीय संस्थालाई विश्वास गर्न सकिरहेको छैन । यस्तो अवस्थामा प्रस्तुत नीति तथा कार्यक्रमबाट यस बारेमा सम्बोधन हुने आसा गरेका निजी क्षेत्र र जनतालाई यसले निरास बनाएको छ । हतोत्साह बनाएको छ ।

अहिले भ्रष्टाचारले मुलुक आक्रान्त छ । तर सरकारले भ्रष्टाचार, सुशासनका विषयमा कुनै ठोस कार्यक्रम पनि दिन सकेको छैन । अर्थतन्त्रभित्र वर्षौंदेखि झेलिएका समस्यालाई समाधान दिने गरी ठोस नीति तथा कार्यक्रममा आ'को छैन । राजस्वले चालु खर्च नै धान्न सकेको अवस्था छैन । रोजगारी, उच्च शिक्षा अध्ययनको लागि विदेश जानुपर्ने युवाको बाध्यता भूमिको उपयोग, कृषि उत्पादन बृद्धिमा देखिएको समस्या जस्ता मुख्य समस्याहरू समाधानलाई नीति तथा कार्यक्रमले छो'को छैन ।

अहिले देशको मुख्य समस्या नै रोजगारीको वेरोजगारी, भोक रहेको छ । लाखौं युवा रोजगारीको लागि विदेशिन बाध्य छन् । यसलाई सम्बोधन गर्न सरकारले नीति तथा कार्यक्रममा आगामी दुई वर्षमा पाँच लाख नयाँ थप रोजगारी सृजना गर्ने जनाएता पनि कसरी रोजगारी सृजना गर्ने भन्नेबारे कुनै खाका योजना छैन ।

अध्यक्ष महोदय, प्रस्तुत नीति तथा कार्यक्रममा यसमा थुप्रै यस्ता महत्त्वकांक्षी योजनाहरू समावेश गऱ्या छ । जस्तै सडक मनो रेल, मेट्रो, ट्रमरेल आदि । तर गरिब निमुखा जनता जसले विहान, बेलुका दुई छाक काममा संघर्षरत छन् । तिनीहरूको बारेमा बोल्न सकिरहेको छैन । उनीहरूको जीवनलाई कसरी उकास्ने भन्ने बारेमा यस नीति तथा कार्यक्रमले कुनै योजना ल्याउन सकेको छैन ।

यस्तै कृषि क्षेत्रमा पनि थुप्रै योजनाहरू ल्याएका छन् । तर ठोस कार्यक्रम छैन । जस्तै रासायनिक मल उत्पादन गर्न कारखाना स्थापना गर्ने, बहुवर्षिय योजना कार्यान्वयन गर्ने भनिएको छ । यो कृषकको लागि आकाशको फल आखाँ तरी मर भने जस्तै उखान जस्तै छ । यस्ता अरू पनि कृषि लक्षित योजना नीति तथा कार्यक्रम समावेश गरिएको छ तर यी सबै कार्यक्रमहरू कृषकलाई देखाउने ललिपप भएको छ । अधिकांश कार्यक्रम सहितवरले कार्यक्रम हुनेमा शतप्रतिशत शंका छ ।

अध्यक्ष महोदय, यस्तै महिला समानता, महिला सशक्तिकरणको नीतिलाई प्रभावित रूपमा लागु गर्ने भनिएको छ । यस्तै महिला तथा किशोरी विरुद्ध हुने सबै प्रकारका हिंसा विभेद, शोषणको अन्त्य र बाल विवाह, बहुविवाह, दाइजो, बोक्सी तथा छाउपरि अन्त्य गर्ने भनिएको छ । जुन अहिलेको आवश्यकता पनि हो । तर यसलाई कागजमा मात्र नभएर व्यवहारमा उतार्नु जरुरी छ ।

अध्यक्ष महोदय, यस्तै सामुदायिक अस्पतालहरू जहाँ चिकित्सकहरू एक अस्पतालको व्यवस्था साथै ओपिडीको सञ्चालन बाह्र घण्टा गर्ने भनिएको छ । यस्तै स्वास्थ्य क्षेत्रमा थुप्रै योजना सार्वजनिक गरिएको छ । जुन व्यवहारमा लागु गर्न जरुरी छ । यस्तै नीति तथा कार्यक्रममा बैङ्कका खाता खोल्न, सवारी लाइसेन्स लिन, लालपुर्जा जारी गर्दा र स्थायी लेखा नम्बर लिँदा अनिवार्य रूपमा राष्ट्रिय परिचय पत्र नम्बर चाहिने व्यवस्था छ । तर राष्ट्रिय परिचय पत्र बनाउँदा जनताले व्यहोर्ने सास्ती कसरी समाधान गर्ने भन्ने बारेमा सरकारले सम्बोधन गरेको छैन ।

अध्यक्ष महोदय, समग्रमा प्रस्तुत नीति तथा कार्यक्रममा मूल्याङ्कन गर्दा यो औषतै रूपमा आएको देखिन्छ । यसले जनतामा खासै उद्धार थप्ने देखिँदैन । यसले गरिब जनतालाई सम्बोधन गरेको देखिँदैन । यसले सहरको मेट्रो रेलको बारेमा बोल्छ तर देशका दुर्गम भेगमा जनताको गाँस, बाँस, कपास हुने न्यूनतम आवश्यकता समस्याको बारेमा बोल्दैन । अर्थतन्त्रलाई उकास्ने कुनै उपाय दिन सक्दैन । यो पुरानो कार्यक्रमको निरन्तरता मात्र हो । नौलो यसरी केही छैन । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय नारायण दत्त मिश्र । समय ७ मिनेट । त्यसपछि माननीय उदय बहादुर बोहरा ।

**(१४:२४ बजे) <u>माननीय श्री नारायण दत्त मिश्र (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्ष महोदय, सम्माननीय राष्ट्रपतिज्यूले ज्यूद्वारा सरकारको संघीय सदनको दुवै सदनको संयुक्त बैठकलाई गरिएको सम्बोधन उत्कृष्ट छ । घरको नक्सा असाध्यै सुन्दर बनेको छ । अगिल्लो पटकको नीति तथा कार्यक्रमलाई पनि मैले असाध्यै राम्रो कार्यक्रम आएको छ भनेर बखान गरेको थिएँ । यस पटक सबैतिरका समस्याहरूलाई सम्बोधन गर्ने गरी नीति र कार्यक्रम आएको छ । नक्सा उत्कृष्ट छ । अब त्यो नक्साअनुसारको भवन तयार गर्नको लागि निर्माण कम्पनीले समयमा काम गर्छ कि गर्दैन? त्यो नक्साबमोजिम काम गर्नलाई आर्थिक स्रोतको

परिचालन उचित ढङ्गले हुन्छ कि हुँदैन? त्यसमा काम गर्ने ज्यामी मजदुरहरूले काम गर्दिन्छ कि गर्दिंदैन? आजसम्मका नीति र कार्यक्रम सबै धेरै जसो कार्यक्रमहरू राम्रा छन् । यो त उत्कृष्ट नै छ । तर यसको कार्यान्वयनमा कसरी अगाडि बढ्छ? त्यो पनि हेर्न पर्ने हुन्छ ।

म, मलाई खुब मन परेका कुराहरू भन्न चाहन्छु यसभित्र । सरकारले भ्रष्टाचार नियन्त्रणमा लिएको शून्य सहनशिलताको नीति र यो नीति कार्यान्वयन हुन थालेपछि राज्य र लोकतन्त्रप्रति नागरिकहरूको भरोसा र जागरुपता उत्साहपूर्व ढङ्गले बढेको छ । भ्रष्टाचार नियन्त्रणमा सरकार र नागरिक एकै ठाउँमा उभिए जस्तो भएको छ ।

सरकारले सुशासनमा कुनै सम्झौता हुने छैन भनेको छ । तीनै तहको सरकारको बजेट निर्माणदेखि कार्यान्वयन प्रक्रियासम्मको पुनरावलोकन गरी पूँजीगत खर्च बृद्धि गरिनेछ । सरकारी खर्चमा मितव्ययीता कायम गरिनेछ । जवाफदेहीतालाई कडाइका साथ लागु गरिनेछ । आर्थिक प्रतिस्पर्धालाई थप पारदर्शी र नतिजामुखी र सूचना प्रविधिमा आधारित बनाइनेछ । सरकारले भनेको छ लघुवित्तलाई व्यवस्थित गर्न प्रभावकारी नियमन र सुपरिवेक्षणको व्यवस्था गरिनेछ । विकास आयोजनाहरू निरधारित लागत र गुणस्तरमा सम्पन्न गरिनेछ । तीनै तहका सरकार बिचको समन्वयमा सामूहिक तथा करार खेतीलाई प्रोत्साहन गर्दै उत्पादित वस्तुहरूको बजारीकरण गरिनेछ । बाली लगाउनु पूर्वनै प्रमुख कृषि वस्तुहरूको न्यूनतम समर्थन मूल्य निर्धारण गरिनेछ । सरकारले एउटा कुरा यहाँ छुटाएको छ । त्यो के भने खरिद गर्ने पनि प्रतिबद्धता जायर गरिनुपर्ने थियो ।

वनको उचित व्यवस्थापन गरी मुलुकलाई काठमा आत्मनिर्भर बनाइनेछ । सामुदायिक वन फलाउनेछ धन अभियानअन्तर्गत यसै वर्षदेखि सामुदायिक वन क्षेत्रमा निश्चित मापदण्ड र अनुगमन प्रणालीसहितको कार्यविधि अपनाई परीक्षणको रूपमा हरिण, मृग, बदेल, कलीज जस्ता वन्यजन्तुहरू र पशुपन्छीहरूको नियन्त्रित व्यवसायिक पालन सुरु गरिनेछ । सरकारले बाँझो जग्गा उपयोगका लागि नीतिगत व्यवस्था गरिनेछ भनेको छ । म असाध्यै खुसी छु । वर्षायाममा मासिक पाँच युनिट र हिउँदायाममा मासिक तीस युनिटसम्म विद्युत खपत गर्ने उपभोक्तालाई निःशुल्क विद्युत उपलब्ध गराइनेछ भन्ने प्रतिबद्धता नीति र कार्यक्रमले ल्याएको छ । गेटा आँखा अस्पताल यसै वर्षदेखि सञ्चालन, गेटा अस्पताल, मेडिकल कलेज यसै वर्षदेखि सञ्चालनमा आउने कुराको हामी स्वागत गर्दछौं ।

मलाई खुब मन परेका तर कार्यान्वयमा शंका लागेका कुरा प्रदेश र स्थानीय तहको सहकार्यमा प्रत्येक पालिकामा एक एक ओटा शितगृह, कृषि भण्डारण र वितरण केन्द्र स्थापना गरी किसानको उत्पादनलाई बजारीकरण गरिनेछ । एक टोल एक सामूहिक कृषि उत्पादन, एक

वडा एक विशेष उत्पादन र एक पालिका एक उत्पादन क्षेत्र नीतिमार्फत आत्मनिर्भर स्थानीय अर्थतन्त्रको निर्माण गरिनेछ । यो यसै वर्ष गरिने हो कि? सरकारसँग मेरो प्रश्न छ । मलाई त बिस वर्षमा पनि यो कुरा हुन्छ कि हुन्न भन्ने लाग्दछ ।

तसर्थ लोक सरकारसँग अनुरोध छ । लोकप्रियताको लागि मात्रै सबै कुराहरू नलेखौं । भोलि कार्यान्वयनमा त्यो कुरा देखिएन भने फेरि अहिलेको सस्तो लोकप्रियता घट्न सक्छ । हुन त । रासायनिक मल समयमै उपलब्ध गराइनेछ भनेको छ सरकारले । मलाई शंका लागेको कुरा । रासायनिक मल उत्पादन गर्ने करखानाको कुरा पनि सरकारले ल्याएको छ । मलाई शंका लागेका कुराहरू किन भने पाँच हजार मेट्रिक टनले बाह्र हजार मेट्रिक टन देशमा खर्च हुने मल पाँच हजार मेट्रिक टन खरिद गरीकन किसानले समयमा मल पाउन सक्ला भनेर मलाई लागेको छैन । यसको लागि सरकारले थप व्यवस्था समयमै गर्नुपर्छ ताकि, ताकि सरकारले बोलेका कुराहरू फिक्का नहुन् । त्यसले हामीलाई पनि असर पर्छ । हामी सत्ता पक्षमा छौं । प्रतिपक्षका साथीहरूले यी यो तिल हो तिलको दानामाथि चुच्चो छ नि त्यसकारणले यो पहाडै हो भन्न सक्छन् । हामी त्यस्तो भन्दैनौं । तर हामी राष्ट्रिय सभाका सदस्य भएका हुनाले हामीले राम्रो कुरालाई राम्रो र नराम्रो कुरालाई नराम्रो भन्न सक्नु पर्ने हुन्छ ।

हैन नेपालीहरू खेलकुद क्षेत्रमा उत्कृष्ट छन् । उत्कृष्ट हुन सक्छन् । नीति कार्यक्रमले ढाडस् बढाउन नसकेको भए पनि बजेट व्यवस्थापनमा उद्धारता कायम गरोस् । ताकि हामी संसारमै खेलकुदमा उत्कृष्ट हुन सक्ने परिस्थितिमा छौं । हामी क्रिकेट संसारका सबै देशका मानिसभन्दा राम्रो खेल्न सक्छौं । हाम्रो देशमा जन्मिएको दुइटै खुट्टा ..... भएको मानिस सगरमाथामा चढेको छ । हामी, हामी, हामी ती मानिस हौं । त्यसकारणले हामी खेलकुदमा हामीले गर्न सक्ने प्रगतिलाई ध्यान दिएर त्यतातिर बजेटको व्यवस्था अगाडि बढाइयोस् । (थोरै कुरा मलाई एक मिनेट समय अवश्य पनि डेढ मिनेट, दुई मिनेट पनि दिनुहुन्छ मलाई सम्माननीय अध्यक्ष महोदय, मलाई विश्वास छ ।)

राष्ट्रपतिको आवागमन सहज भएको छ । र जनताहरूमा हाम्रो राष्ट्रपति भन्ने भावना विकसित भएको छ । हिजो एक राजा फालेर कयौं राजा जन्मिए भन्नेहरूको लागि राष्ट्रपतिले राम्रो उदाहरण पेस गर्नुभएको छ । अब यो राष्ट्रपतिले मात्रै यो उदाहरण पेस गरेर हुँदैन । यो उदाहरण प्रधानमन्त्रीले पनि के के कुरामा पेस गर्नुपर्ने हुन्छ । मन्त्रीज्यूहरूले पनि गर्नुपर्छ । अहिले त के छ? पहिला पहिला मन्त्रीज्यूहरू कहाँ आफ्नो चढ्ने गाडी छुट्टै, छोराको चढ्ने गाडी छुट्टै, श्रीमतीको चढ्ने गाडी छुट्टै र अरू अरू के के कुराहरू हुन्थ्ये । यदि त्यस्ता कुरा अहिले पनि छन् भने तिनिहरूबाट टाढा बस्नतिर यो सरकारका मन्त्रीहरू, मन्त्री मात्रै हैन अरू अरू

पनि सरकारी सुविधा लिने निकायका मानिसहरूले त्यतातिर पट्टि आफुलाई ध्यान दिएर अगाडि बढाउनुपर्छ ।

ढलाबडा काठ प्रत्येक वर्ष उठाउनुपर्ने आगलागीले खरानी हुने र सढेर जाने हुँदा त्यसलाई यस वर्षदेखि उठाउने भनेको छ । सधैं उठाउने व्यवस्था गर्नुपर्छ । त्यति मात्रै होइन, जङ्गलभित्रको बुढो रूख काटिएन । जङ्ग भित्रको बुढो रूखको व्यवस्थापन गरिएन भने त्यो रूखले आफुलाई त खान्छ खान्छ । अरू वरिपरिकालाई पनि खान्छ । त्यसकारणले त्यसको व्यवस्थापन पनि सँगसँगै हुनपर्छ । म अब ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्षः**- माननीय उदय बहादुर बोहरा । समय १० मिनेट । त्यसपछि माननीय नारायण प्रसाद दाहाल ।

(१४:३३ बजे) **माननीय श्री उदय बहादुर बोहरा (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्षज्यू, सरकारले गत शुक्रवार आर्थिक बर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम ल्याएको छ । जो १८८ बुँदाको छ । दस्तावेज छ । जो हामीसँग हामी सबैसँग उपलब्ध छ । र यो कार्यक्रम खास गरेर यो मैले यसलाई तीनओटा क्याटेगोरीमा आफुले विश्लेषण गरेको छु ।

पहिलो यो कार्यक्रम परम्परागत छ । परम्परागत यस मानेमा कि यो कार्यक्रम परम्परागत कार्यक्रमलाई छुटाउनै नहुने, छोड्नै नहुने खालको भएको कारणले यो परम्परागत कार्यक्रम चाहिँ आ'को छ । अर्को यसमा केही नयाँ कार्यक्रमहरू पनि छन् । र केही महत्त्वकाङ्क्षी त नभनि हालौं । यसलाई गर्न सक्ने हो भने मुलुकलाई, मुलुकको अर्थतन्त्रलाई टेवा पुग्ने खालका महत्त्वपूर्ण आयोजना पनि यो कार्यक्रममा समेटिएका छन् । र खास गरेर यो कार्यक्रमको महत्त्वपूर्ण पाटो भनेको सरकारी खर्चमा मितव्ययीता र विकास खर्चको बृद्धि । अनावश्यक दोहोरोपना भएका उद्देश्यअनुसार सञ्चालन नभएका सरकारी कार्यालय, सार्वजनिक संस्था, विकास समिति, विकास कोषलाई गाभ्ने वा खारेज गर्ने जस्ता महत्त्वपूर्ण कार्यक्रम यो सरकारले लिएर आएको छ । त्यसो भ'को हुनाले यो स्वागत योग्य छ । मेरो दृष्टिमा ।

सम्माननीय अध्यक्षज्यू, यसको सँगसँगै सरकारले ल्याएका कार्यक्रमहरूको असाध्यै महत्त्वपूर्ण कार्यक्रमहरू छन् । अर्थतन्त्रको संरचनागत सुधार, गुणस्तरीय पूर्वाधार निर्माण, शासकिय व्यवस्था र सेवा प्रवाहमा सुधार, भ्रष्टाचार नियन्त्रण, रोजगारी उत्पादनमा बृद्धि र सन्तुलन, सन्तुलित परराष्ट्र नीतिलगायतका मुलुकको हरेक क्षेत्रमा आवश्यकता बोध गर्ने सबै

खाले विषयहरूको यो नीति तथा कार्यक्रमले समेटेर ल्याएको छ । कार्यक्रम, कार्यक्रमलाई राष्ट्रको आवश्यकता र मागअनुसार परिस्कृत र परिमार्जित गर्दै मुलुकको मुख्य लिगबाट चिप्लिएको हाम्रो नीति, प्रक्रिया पद्दतिलाई पुनः सोही लिगमा हिडाउने प्रयत्न र प्रयास यो कार्यक्रमले गरेको मैले महसुस गरेको छु ।

सम्माननीय अध्यक्षज्यू, त्यस्तै विद्यमान कर प्रणालीलाई नियमन गर्ने कुरा र विद्युतीय सवारी साधान उत्पादन तथा प्रयोगकर्ताहरूलाई प्रोत्साहन गर्ने कुराहरू यस कार्यक्रमभित्र परेका छन् । र राष्ट्रिय सहकारी नीतिलाई परिमार्जन कृषि कर्जामा पुनरावलोकन नीति तथा कार्यक्रमलाई समेटिएको छ । र यसमा केही नयाँ चिजहरू अहिले पूर्वमाननीयज्यूहरूले पनि यहाँ राखेर जानुभो' । यसमा बुँदा नम्बर १३५ लगायतका जुन कृषि कार्यक्रमहरू हुन् । कृषि कार्यक्रमहरूमा नविनतम कार्यक्रम यसमा अहिले यो सरकारले ल्याएको छ । किन भने यदि हाम्रो दृष्टि दोष छैन भने हामीले यो कार्यक्रमलाई योभन्दा अगाडि आएको थिएन । र यसमा कृषि उत्पादन प्रमुख कृषि वस्तुहरूको न्यूनतम समर्थन मूल्य अगाडि माननीयज्यूले पनि राखेर जानुभो' । यो यस अगाडि आएको थिएन । माग थियो । र यो कार्यक्रमले कृषकहरूलाई ठुलो राहत चाहिँ पुग्ने छ । त्यस्तै कृषकहरूलाई कि साना तथा सिमान्तकृत किसानहरूलाई योगदानमा आधारित वर्गिकृत किसान पेन्सन योजनाको अवधारणा पनि यो कार्यक्रमले ल्याएको छ ।

त्यस्तै प्रदेश र स्थानीय तहको सहकार्यमा प्रत्येक पालिकामा एक एक ओटा शितगृह, कृषि भण्डारण र वितरण केन्द्र स्थापना गर्ने र किसानको उत्पादनलाई बजारीकरण गरिने । प्रत्येक वडा र टोलमा एकीकृत कृषि कार्यक्रम सञ्चालन गर्ने र त्योमार्फत कृषिलाई स्थानीय तहमा आत्मनिर्भर बनाएर स्थानीय अर्थतन्त्रको जगलाई बलियो बनाउने कार्यक्रम यसले ल्याएको छ । त्यसो भएको हुनाले म के निवेदन गर्न चाहन्छु भने यो कार्यक्रम नयाँ पनि छ । पुरानो मात्रै यसलाई पुरानो दृष्टिले मात्रै हामीले नहेर्दा नै ठिक होला भन्ने मलाई लाग्या छ ।

१०३ मा बुँदा नम्बर १०३ मा सुरक्षण मुद्रण केन्द्र र मुद्रण विभागलाई एउटै छाता मुनी ल्याउने यो कार्यक्रमले ल्याएको छ । यो कार्यक्रममा समेटिएको छ । जसले नेपाल सरकारका आधिकारिक दस्तावेजको छपाइ देशभित्रै गर्ने व्यवस्था त्यसले गर्ने छ । र त्यस्तै साइबर सुरक्षा १०४ साइबर सुरक्षासम्बन्धी छुट्टै कानुनका निर्माण गर्ने भन्ने यो कार्यक्रमले प्रतिबद्धता जाहेर गरेको छ ।

र त्यस्तै १०५ मा गैरसरकारी संस्था दर्ता नियमसम्बन्धी संघीय कानुनको निर्माण गर्ने र त्यसलाई त्यस कानुनलाई निर्माण गर्दै त्यो कानुनलाई एकीकृत रूपमा चाहिँ त्यो कानुनलाई

अगाडि चाहिँ बढाउने त्यो कानुनलाई तत्काल निर्माण गर्ने भन्ने कुरा यो कार्यक्रमले चाहिँ ल्याएको छ ।

त्यस्तै १३१ बुँदामा चिकित्सा शिक्षासम्बन्धी प्रतिष्ठानहरूलाई एकीकृत संगठनमा ल्याई छाता ऐनमा ऐन बनाएर अगाडि बढाउने भन्ने कुराहरू यसले ल्याएको छ । जसको कारण स्वास्थ्य क्षेत्रमा देखिएका समस्याहरूको समाधान यसले गर्छ भन्ने मैले महसुस गरेको छु । त्यस्तै उच्च शिक्षामा देखिएको समस्यालाई समाधान गर्नको लागि ठोस सुझाव दिन उच्चस्तरीय शिक्षा आयोग गठनको अवधारणा पनि यो कार्यक्रम र यो नीतिमा समावेश छ । र उच्च शिक्षाको प्रदान गर्ने संस्था विश्वविद्यालयहरूलाई एउटै छाता मुनि ल्याउने र शिक्षाको पहुँचलाई सर्वसुलभ गराउने भन्ने यो कार्यक्रममा समावेश गरिएको छ ।

र अध्यक्ष महोदय, यसका केही चुनौतीहरू पनि छन् । यसको केही चुनौतीहरू पनि छन् । र म के सरकारलाई आव्हवान गर्न चाहन्छु भने यो चुनौतीलाई कसरी फेस गर्न सक्छ? कार्यक्रम मात्रै होइन कार्यान्वयनको पाटो कसरी अगाडि बढ्छ भन्ने कुरा महत्त्वपूर्ण हो । र विगत केही वर्षदेखि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा यो भयावह महामारीको रूपमा देखिएको संक्रामक रोगको कोभिड-१९ केही समय अगाडि मुलुकमा आएको महाभूकम्प र रुस अन्तर्राष्ट्रिय रूपमा रुस युक्रेन युद्ध । जसको कारणले मुलुकको अर्थतन्त्रको निमित्त एउटा अन्तर्राष्ट्रिय र राष्ट्रिय रूपमै समस्याको रूपमा अहिले देखा परिरहेको अवस्था हो । र यो अवस्थामा जुन यो कार्यक्रम आ'को छ । यो कार्यक्रममा यस्तो अवस्थामा माथि उल्लेखित जुन घटना क्रमले हाम्रो मुलुकलाई प्रत्यक्ष अप्रत्यक्ष प्रभाव पार्छ नै पारेको पनि छ । त्यसो भ'को हुनाले यो यस्तो स्थितिमा यो साँच्चिकै भन्नुपर्दाखेरि कमजोर धरातलमा अहिले यो कार्यक्रम आ'को छ ।

र यसका केही कार्यान्वयनका केही चुनौतीहरू पनि छन् । र परिणाम निकाल्न निकै मेहनत गर्नुपर्ने देखिन्छ । र यो कार्यक्रम अलि विकेन्द्रित तरिकाले चाहिँ ग'को छ । यसमा केही प्राथमिकरण गर्नुपर्ने, ठुला राष्ट्रिय गौरवका ठुला आयोजनाहरूलाई प्राथमिकताकरण गरेको देखिएको छैन ।त्यसो भ'को हुनाले म सरकारलाई यी मेरा सुझाबहरूलाई पनि यदि ग्रहण गर्न सकिन्छ, केही सच्याउन सकिन्छ भने यी चिजहरूलाई पनि सरकारले समावेश गरेर जाओस् । भन्ने म शुभकामना गर्छु र अन्त्यमा म यो सरकारलाई हार्दिक धन्यवाद र बधाई दिँदै मेरा भनाइहरू यहीँ अन्त्य गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय नारायण प्रसाद दाहाल । समय ५ मिनेट । त्यसपछि भुवन वहादुर सुनार ।

(१४:४३ बजे) **माननीय श्री नारायण प्रसाद दाहाल (मनोनीत)**:- सम्माननीय अध्यक्षज्यू, हामी अत्यन्तै महत्त्वपूर्ण क्षणमा उभिएर छलफल गरिराखेका छौं । यो नीति कार्यक्रम मलाई कस्तो लाग्छ भने अहिले अर्थतन्त्रमा देखिएका जो अप्ठ्याराहरू छन् जुन भन्ने गरिन्छ, ती समस्या समाधान गर्नेतर्फ नै बढी लक्षित छ । अहिले हामी जुन अप्ठ्यारोबाट अगाडि बढेका छौं, त्यसबाट त्यो देखिन्छ । र यो हामी सबै राजनीतिक प्राणी भ'को हुनाले हामी के भन्छौं भने "Politics is command" भन्छौं । हामीले यताबाट नि हेर्न जरुरी छ जस्तो लाग्छ । यो राजनीतिक हिसाबले, आर्थिक हिसाबले, सामाजिक, सांस्कृतिक कोणबाट हेर्न सकेको खण्डमा यसले अहिलेको हाम्रो विद्यमान समस्यालाई केही धेरै हदसम्म चैं समाधान गर्ने दिशातिर अगाडि बढेको म देख्छु । तर अब यहाँ कुरा आउँछु केही साथीहरू, विरोध गर्ने साथीहरूले पनि, माननीयज्यूहरूले पनि कोही असाध्यै पराम्परागतवादी भयो यो पूरै, नयाँ केही नै छैन भन्ने अर्को चैं पुराना सबै कुरा छोडेर के ल्यायो, के ल्यायो दिशाविहीन भयो भन्ने, यो के हो यो विरोध गराइ? त्यो भ'को हुनाले त्यही आउँछ कुरो । काँडाको संसार आँखा भनेजस्तै, काँडाको संसार भनेजस्तै हो यो । अहिले चैं जे होस् त्यही हो । काँडाको आँखामा काँडै संसार, त्यहीजस्तो लाग्यो मलाई । जो चैं यहाँ भनिराखु भ'को छ । त्यसले गर्दा हामी यो नीति तथा कार्यक्रमले जनतामा एउटा नयाँ आशा जगाएको अनुभूत भएको छ । र यहीअनुसार अब बजेट अगाडि आउन सक्यो भने र एउटा नयाँ उर्जा थपिने नै मैले अनुभूत गरेको छु ।

त्यस्तै संविधानमा उल्लेखित हाम्रा मौलिक हक अधिकारहरूप्रति जस्तोः शिक्षा, स्वास्थ्य, रोजगारी अथवा आवासलगायतका यी जो मौलिक अधिकारहरू, त्यसप्रति अत्यन्त संवेदनशील भएर उच्च प्राथमिकताका साथ यहाँ प्रस्तुत गरिएको पनि हामीले देख्छौं । त्यस्तै अब यी महत्त्वपूर्ण विषयहरू जसरी आइरहेका छन् तर हाम्रो अगाडि हिजो हामी सिद्धान्त र प्राथमिकतामा छलफल गर्दा अर्थमन्त्रीज्यूलगायत हामी सबैले पनि उठाइरहेको विषय कार्यान्वयनको चैं समस्या हो भन्ने जो चुनौती छ भन्ने छ । त्यो चुनौतीलाई हामीले पूरा गर्न सक्यौं भने हामीले यो देशलाई एउटा नयाँ दिशातिर लैजान सक्छौं भन्ने अनुभूत भ'को छ । त्यसको निम्ति उच्च नयाँ उच्च र दृढ इच्छा शक्ति पैदा गरेर मात्रै हामी यो उल्लेखित विषयहरूलाई पूरा गर्न सक्छौं । त्यो दिशातिर हामी अगि बढ्न जरुरी छ । विरोधको नाममा विरोध होइन, हामीले कम से कम यसलाई एउटा सही दिशा दिने, हाम्रा सबै समस्या सबैका साझा समस्या हुन् भन्ने कोणबाट हामी जानु सक्ने र राजनीतिक कोणबाट हेर्न सक्ने चैं हुनुपर्छ । त्यो भयो भने हामी अगाडि बढ्न सक्छौं भन्ने मलाई लाग्छ ।

अब यहाँ आएका विषयहरू धेरै विषयहरू यस्ता छन् जसले अहिले जस्तो अब संघीयताको प्रश्नका कुराहरू आका छन्, कार्यन्वयनको प्रश्नको कुरा आको छन् । जसमा ती एउटा नयाँ ढङ्गले विरोधका कुराहरू जो आका छन्, त्यसलाई सम्बोधन गर्ने ढङ्गले पनि यहाँ विषयवस्तुहरू प्रष्ट उल्लेख गरिएको छ । जस्तोः संविधान र संघीयताको ११ नम्बर बुँदामा प्रभावकारी कार्यान्वयन, अर्थतन्त्रको संरचनात्मक सुधार, सार्वजनिक खर्चका मितव्ययिता, पुँजीगत खर्च वृद्धि, गुणस्तरीय पूर्वाधार निर्माण, शासकीय व्यवस्थालगायत यी जो विषयहरू हामीले हाम्रोअगाडि एउटा चुनौतीको रूपमा देखापरेका छन्, त्यसलाई यो नीति कार्यक्रममा प्राथमिकतासाथ राखेर त्यसलाई दृढताका साथ स्वीकार गरेर हामी यो देशलाई अगाडि बढाउँछौँ भन्ने जुन प्रतिबद्धता जाहेर गरिएको छ, यो नै यसको मुख्य पक्ष हो । किनभने राजनीतिक रूपमा हामी जसरी अगाडि बढेका छौं, त्यसलाई चैं गर्नु जरुरी छ भन्ने लाग्छ । जस्तो यसमा आएका विषयहरू कि गलत छन् भन्नुपर्यो । जस्तो एक टोल, एक सामूहिक कृषि उत्पादन, एक वडा विशेष उत्पादन र एक पालिका, एक उत्पादन क्षत्रेको नीति, साना किसानलाई सिँचाइका लागि निःशुल्क water pump र tubewell, हेटौंडा कपडा उद्योग, गोरखकाली रबर उद्योग, बुटवल धागो कारखानाको सञ्चालनका कुरा प्रत्येक दुई जिल्लामा Air Ambulance को सेवाका कुराहरू दुई वर्षभित्र सबैको घरमा बिजुली, वर्षायाममा मासिक ५० युनिट र हिउँदमा मासिक ३० युनिट निःशुल्क उपलब्ध गराउने कुरा, हरेक स्थानीय तहमा स्मार्ट विद्यालयका कुरा, चार ठुला नदीमा जल यातायका कुरा, आविष्कार कोषका स्थापनाका कुरा, जग्गाको हदबन्दीसम्बन्धी पुनरावलोकन गर्ने कुरा, देशभर बिमाको पहुँच विस्तार गर्ने कुरा, सुशासनमा कुनै पनि सम्झौता गरिने छैन भन्नेजस्ता यी विषयहरू के हुन्? यो नेपालको अहिलेको समस्यालाई सम्बोधन गरेका विषय हुन् कि होइनन्? होइन भने केही पनि छैन भनेर विरोधको नाममा विरोध गर्ने कुराले हामीलाई कुन ठाउँमा पुर्याउँछ? हामी के सोचिराख्या हुन्छौं? र जनताले यी हामीले बोलेका विषयवस्तुहरू जनताको बिचमा जाँदा जनताले नि त पढ्ने होला नि यो नीति तथा कार्यक्रम, पढ्न जानेकै होलान् जनताले । त्योबेला के होला? भोलि जनताको बिचमा जाँदा हाम्रो उपस्थिति कुन प्रकृतिको बन्न पुग्ला? यी विषयमा हामी अलि गम्भीर बन्न आवश्यक छ । यो दिशातिर हामी सोचौं । र यसलाई कार्यान्वयन गर्ने दिशामा हामी सबैको साझा दायित्व बनेर जाउँ । यसबारेमा म नेपाल सरकारमार्फत अथवा अध्यक्षमार्फत नेपाल सरकार हुँदै सम्माननीय राष्ट्रपतिज्यूलाई हार्दिक कृतज्ञता ज्ञापन गर्न पनि चाहन्छु हवस् त, धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय भुवन वहादुर सुनार । समय ५ मिनेट । त्यसपछि माननीय गोपाल भट्टराई ।

(१४:५० बजे) **माननीय श्री भुवन वहादुर सुनार (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्षज्यू, अस्ति ५ गते प्रस्तुत नीति तथा कार्यक्रम स्वागतयोग्य छ र त्यसको म समर्थन गर्दछु तर अहिलेसम्मन राज्यले बनाएको नीति नियमभित्र अथवा राज्य सत्ता र संभारान्त वर्गको दृष्टिकोणले हेर्दा नेपालका उत्पीडित दलित विपन्न समुदायलाई यो बजेटले त्यति ध्यान दिन सकेन कि भन्ने मेरो उसमा सोचमा चाहिँ प्रश्नहरू खडा भैराखेका छन् ।

हो कृषिलाई असाध्यै प्राथमिकता दिइएको छ र दिन आवश्यक छ । शिक्षालाई र स्वास्थ्यलाई पनि त्यतिकै प्राथमिकता दिइएको छ । त्यसमा पनि अहिले सामुदायिक विद्यालयहरू विद्यार्थी नभएकोले त्यो मर्च हुने हो कि खारेज हुने हो कि भन्ने प्रश्न खडा भैरहेको अवस्थामा महत्त्वपूर्ण चाहिँ विषय उठेको छ । बालबालिकाहरूलाई विद्यालयमा ल्याउने सिकाउने र टिकाउने कार्यक्रमलाई प्रोत्साहन गरिने छ भन्ने जुन नारा आ'को छ । यो व्यवहारमा लागु भयो भने असाध्यै महत्त्वपूर्ण हुनेवाला छ र मलाई लाग्छ । यो नारा आ'को छ । यो अभियान सबैले चाहिँ अभिभावकले चलाउनुपर्छ र विद्यालयहरूलाई चाहिँ अझै टिकाउनुपर्छ ।

यी मानेमा म अति खुसी छु । राज्यले नयाँ नयाँ विषयहरू लेरआको छ । यो नीति नियमले यो नीति कार्यक्रमले सङ्ग्रहालयको अपेक्षा गरेको छ । त्यस्तै गरेर ठुला ठुला विकास योजनाहरूको विषयमा चाहिँ यसले छोएको छ । अहिलेसम्मन यो चाहिँ थला परेको गोरखकाली रबर उद्योग, हेटौंडा कपडा कारखाना, धागो कारखानालगायतका उद्योगहरूलाई चाहिँ फेरि पुनः त्यसलाई सञ्चालन गर्ने विषय आ'को छ ती महत्त्वपूर्ण कुराहरू छन् र ती हुँदाहुँदै पनि हेर्दा यो नीति तथा कार्यक्रमले अलि अपेक्षा गरेको हामीले दलित समुदायमाथि भएको विभेद उत्पीडितको अन्त्य गर्ने भनेर यही सभाले यही राष्ट्रिय सभाले यसलाई पारित गरेर पठाएको विषयवस्तु छ र फेरि राज्यको चाहिँ साझा न्यूनतम कार्यक्रममा पनि उल्लेख छ यो नीति तथा कार्यक्रममा यसलाई बिर्सेको छ र यो किन यस्तो भयो । यो खोज्न लायकको भ'कोले म यही विषयमा किन राखिरहेको छु भने राज्य यो देशका त्यति ठुलो जनसङ्ख्या भएको समुदायलाई बिर्सिने कुचेष्टात गर्न खोजेको हैन र विभिन्न नाउमा ती समुदायले पाउने अधिकार शुद्ध कटौती भ'को हो कि यहाँ उठ्या छ । त्यस्तै जनता आवास कार्यक्रमलाई त झन सशक्त बनाएर लान पर्ने त्यो छुटिरहेको जस्तो लाग्छ मलाई । त्यस्तै गरेर र उत्पीडनलाई अन्त्य गर्ने अभियानका रूपमा कार्यक्रम आउँछ भनेको यो नदेखदा मलाई खल्लो अनुभूति भएर फेरि म के भन्छु भने त्यो जनताले बुझ्ने,

जनताले पाउने, साकार हुने खालका जनताका जनजीवनलाई छुने खालका चाहिँ बजेटहरू भएन भने त्यो बजेटको खासै अर्थ रहन्न । ती तलका जनताहरूलाई ती राष्ट्रिय गौरवका कुराहरूले ठुला ठुला कुराहरूले छुँदैन । वास्तवमा उनीहरूको त दैनिक बिहान बेलुका अथवा मान्छेले चाहिँ जनजीविकासँग जोडिएको चिजै खोज्छ । त्यसले गर्दा चाहिँ म के अनुरोध गर्छु भने । वास्तविक तर जनताले जनताले महसुस गर्ने खालको बजेटहरू आउनुपर्छ भन्ने नीति कार्यक्रम आउनुपर्छ भन्ने अनुरोध गर्दै मैले चाहिँ मेरो भनाइ अथवा मेरो अनुरोध यहीँ अन्त्य गर्छु । हस् त, धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय गोपाल भट्टराई । समय ५ मिनेट । त्यसपछि माननीय राधे श्याम पासवान ।

(१४:५५ बजे) **माननीय श्री गोपाल भट्टराई (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, हामी २०८० सालको नीति कार्यक्रम राष्ट्रपतिले प्रस्तुत गर्नुभएको नीति कार्यक्रममा हामी छलफल गरिरहेका छौं । यो नीति कार्यक्रम अब अघि माननीयज्यूले "फूलको आँखामा फूलै संसार, काँडाको आँखामा काँडै संसार" भन्नुभो' यहाँ काँडा पनि फूल पनि आइरा' छन् । धेरै माननीयहरूले यो धेरै राम्रो भन्नुभा' छ सुरुमा तर बिचमा गएर यो सच्याउनु पर्ने । यो सच्याउनु पर्ने यो आ'को भए हुन्थ्यो । यो आ'को भए हुन्थ्यो भनेर पनि भन्नुभा' छ ।

त्यसो भएर केही बाध्यताहरू होलान् । सत्तापक्षका माननीयज्यूहरूलाई त्यो बाध्यता एउटा कुरा हो । तर यो नीति कार्यक्रम एउटा गन्तव्य चाहिँ भेट्या छैन । किन भेट्या छैन भने । गत वर्षको नीति कार्यक्रमको सामान्य समीक्षा त आउनपर्यो नि कहाँ छ त्यो? मैले कहीँ भेट्दिनँ ।

गत नीति कार्यक्रमले इङ्गित गरेका धेरै कुराहरूलाई त्यतापट्टि हेरेकै छैन, छोएकै छैन । यस काम भयो भनेको पनि छैन । अब हुन्छ भनेको पनि छैन । हिज गर्न सकिएन अब हुन्छ पनि भन्या छैन । त्यसो भ'को हुनाले नीति कार्यक्रमको गन्तव्य हिजको समीक्षा त्यो केही छैन । त्यसो भ'को हुनाले त्यो गन्तव्यहीन छ भन्ने मलाई लाग्छ । त्यसो भ'को हुनाले हामीले ती कार्यक्रमहरूलाई पुरानो कार्यक्रमहरूलाई बेवास्था गरेर गयौं भने ती काम भए कि भएनन् भनेनौं भने त्यो हामीले अबको बाटो समात्न सक्दैनौं भन्ने मलाई लाग्छ । अहिले यो ५ मिनेटको समयमा सबै कुरा त भन्न सकिँदैन तर मैले केही उदाहरणहरू राख्न चाहन्छु । गत आर्थिक

वर्षको नीति कार्यक्रम पनि यही गठबन्धन सरकारले नै ल्याएको हो । प्रधानमन्त्री अर्को हुनुहुन्थ्यो होला अर्थमन्त्री अर्को हुनुहुन्थ्यो होला तर यही गठबन्धनले ल्याएको हो । मैले एउटा उदाहरणको रूपमा के प्रस्तुत गर्न चाहन्छु भने त्यो नीति कार्यक्रमको ६१ नम्बर बुँदामा ८०० किलोमिटर सडक निर्माण गरिने छ र २५७ किलोमिटर सडक स्तरउन्नति गरिने छ भनेर लेख्या छ । अब त्यो के भयो भन्ने कतै छैन यहाँ अहिले त यसो गरिने छ पनि भन्या छैन । यो एउटा नीतिगत कुरा मात्रै गरेर टुङ्ग्याको छ । यो काम यसरी गरिन्छ भन्ने पनि छैन । त्यसो भ'को हुनाले यस्तो किसिमले कार्यक्रमहरूलाई अगाडि बढाउन सकिँदैन ।

कार्यक्रम ल्याएको छ । अहिले यो कार्यक्रम साँच्चै लागु गर्ने हो भने ५० खरब चाहिन्छ । मेरो अनुमान म त्यो अहिलेसम्म गर्ने भन्ने पनि छैन । केही केही बहुवर्षीय भन्ने छ तर सबै कार्यक्रमहरू त्यस्तो छैन । त्यसो भएको हुनाले यो कार्यक्रम सम्पन्न हुन्छ भन्ने कुरामा म विश्वस्त छैन ।

अर्को कुराः मैले अलिकति धन्यवाद कहाँ दिन पर्छ भने तत्कालीन केपी ओली सरकारले ल्याएका यातायात, जल यातायात, विद्युतीय रेल आदि इत्यादि कुराहरूलाई एउटा खिल्लीको विषय बनाइयो । विभिन्न कार्टुन पनि भने तर अहिले फेरि त्यो कुरा चाहिँ आएकै रैछ । त्यसो भएर राम्रा कुराहरूलाई खिल्ली गर्नेभन्दा पनि त्यसलाई समावेश गरेर अगाडि बढ्ने कुरा गर्नु राम्रो हो यो एउटा कुरा यहाँ मैले देखेँ । धेरै कुरा त अहिले भन्न भ्याउँदैन अघि भनी सकेँ ५ मिनेटमा के नै हुन्छ र बत्ती बलिसको । त्यसो भ'को हुनाले यो हिसाबले यो विकास खर्च यो हिसाबले गर्न सकिँदैन । निश्चित कति हामीले आम्दानी गर्न सक्ने हो । कति हामीले खर्च गर्न सक्ने हो । त्यो कुराको अथेन्टिक यसमा छैन । निबन्ध छ । निबन्धले मात्रै यो नीति कार्यक्रम लागु हुन सक्दैन त्यसो भएर यसलाई पूर्ण रूपमा हामी समर्थन गर्न सकिँदैन । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय राधे श्याम पासवान । समय ५ मिनेट । त्यसपछि माननीय प्रकाश पन्थ ।

(१५:०२ बजे) **माननीय श्री राधे श्याम पासवान (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, सम्माननीय राष्ट्रपतिज्यूले संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा ५ गते नीति तथा कार्यक्रम सम्बोधन गर्नुभयो । र यो नीति तथा कार्यक्रम

१२८ बुँदामा छन् । नीति तथा कार्यक्रमलाई म समर्थन गर्न चाहन्छु । अब कतिजना हाम्रा माननीयज्यूहरूले नीति तथा कार्यक्रम यो खेस्रा हो नै शब्द प्रयोग गर्नुभो' । कुनै पनि नीति तथा कार्यक्रम देशका समस्याहरूको विषयमा यसैमा उल्लेखित गरिएको हुन्छ । जुन हाम्रो बुँदा नम्बर ११ मा सुरुमै लेखिएका छन् । यो सम्पूर्ण विषयको संक्षिप्त विवरण यसमा दिएको छ, ११ मा कि संविधान र संघीयताको प्रभावकारी कार्यान्वयन, अर्थतन्त्रको संरचनात्मक सुधार, सार्वजनिक खर्चमा मितव्ययिता, पुँजीगत खर्च वृद्धि, गुणस्तरीय पूर्वाधार निर्माण, शासकीय व्यवस्था र सेवा प्रवाहमा सुधार, भ्रष्टाचार नियन्त्रण, उत्पादन र रोजगारी वृद्धि, हरित अर्थतन्त्रको विकास, पर्यावरणीय सन्तुलन, आर्थिक, सामाजिक विभेदको अन्त्य, गरिबी निवारण, समावेशी विकास, शान्ति प्रक्रियाको तार्किक निष्कर्ष, मुलुकको राष्ट्रिय हितको रक्षा एवम् स्वतन्त्र र सन्तुलित परराष्ट्र नीतिको अवलम्बन सरकारको प्रमुख नीति हो । यानिकी ११ मा अहिलेको जुन अवस्था छ, त्यो सबैको चित्र हाम्रो यो, अहिलेको हाम्रो यो नीतिमा, कार्यक्रममा प्रस्तुत गरेको छ । र हामीले यसलाई सकारात्मक रूपमा लिनुपर्छ । के आलोचनाकै लागि हामी आलोचना गर्न पनि अलिकति तर्क सङ्गत होइन । जुन कुरा सही हो, त्यसलाई सही भनौं । कुनै कुरा दोहोरिएको छ भने, यसलाई दोहोरिएर आको छ भने यसलाई सकारात्मक रूले लिनुपर्छ ।

जस्तै बुँदा नम्बर १२ मा नै भनेको छ कि तीन तहको सरकारबिच कार्यात्मक अन्तरसम्बन्ध सुदृढ गरी काममा रहेको दोहोरोपन नहोस्को नीति अपनाइएको छ । यानिकी कुनै कामहरू गर्दा हामीले जुन दोहोरोपन हुन्छन् सरकारको, त्यो दोहोरोपनलाई हटाएर लानु राम्रो हो । जस्तै बुँदा नम्बर हाम्रो १४ मा वित्तीय मौलिक तथा अन्त्य विषय क्षेत्रगत नीति कार्यक्रमहरू समन्वय पुनः तरिकाले कार्यान्वयन गरी समष्टिगत आर्थिक स्थापित कायम होस् । यानिकी आर्थिकको नीति पनि हामी कसरी बनाउने त? यसलाई पनि सम्झेको छ । यो हामी जुन हाम्रो देशको आर्थिक अवस्था शिथिल अवस्थामा थियो, जुन पहिलै सुरुमा युक्रेन र कोरोनाको सम्झिएको विषय छ कि कोरोनाले हाम्रो अर्थतन्त्र कमजोर भा'को, विश्व अर्थतन्त्र युक्रेनले गर्दा अर्थतन्त्र कमजोर भा'को, यसलाई पनि अब कसरी आर्थिक नीति हामी बनाउने भन्ने हामीले सम्झेको छौं र हामीले अगाडि बढ्नुपर्छ ।

जुन बुँदा नम्बर १६ मा छ कि राजस्व प्रशासनलाई थप सुदृढ र चुस्त बनाई विद्यमान कर प्रणाली पुनरावलोकन, राजस्व चुहावट न्यूनीबिजीकरण, अवैध कारोबारमा लगानी तथा राष्ट्रिय पुँजी पलायनलाई कडाइको नीति अपनाएर हामी अगाडि बढ्नुपर्छ । बुँदा नम्बर २० मा दिगो र हरित अर्थतन्त्र तयार गरी वित्तीय स्थायित्व कायम गरी बैङ्किङ तथा वित्तीय संस्थाका

बचतकर्ताको हित संरक्षण गरी लघु वित्तीयलाई व्यवस्थित गरी प्रभावकारी नियमन र सुपरिवेक्षण गरिने छ । यहाँदेखि यसलाई हामी लघु वित्तीयलाई सुपरिवेक्षण कसरी गर्ने? यसलाई हामीले यो नीति कार्यक्रमलाई अपनाएको छौं । जुन कि लघुवित्तहरूको कुरा व्यापक रूपमा उठेको छन् । त्यसलाई पनि यसमा समेटिएको छ । बुँदा नम्बर २१ मा राष्ट्रिय सहकारी नीतिमा परिमार्जन र सहकारी संघ संस्थाहरूको अनुगमन नियमन संस्थागत सुशासन गर्ने छ । जुन कि संघ, संस्थाहरूमा पनि केही अनियमितताहरू देखापरेको छ अहिले राष्ट्रमा । त्यसलाई पनि हामीले नियन्त्रण र सुशासनको दायरामा हामीले ल्याउनुपर्छ भन्ने नीति अपनाएको छन् ।

त्यस्तै हाम्रो सबैजनाले हाम्री माननीयज्यूहरू पटक पटक बोल्दाखेरि हामीले बढी कृषिको विषयमा कुरा उठाउँथ्यौं । सबै माननीयज्यूहरूले कृषिमा कसरी उत्पादनमा होस् भन्ने कुरा हामीले उठाको । त्यसमा ३१ नम्बर बुँदामा समावेश गरिएको छ । कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरी आत्मनिर्भर हासिल गरिने र तीन तहका सरकारबिच सामूहिक तथा करार खेतीलाई प्रोत्साहन गर्दै उत्पादित वस्तुको बजारिकीकरण गर्ने छ ।

अर्को हाम्रो जुन सधैं हुन्थ्यो कि रासायनिक मलको सम्बन्धमा रासायनिक मल समयमै उपलब्ध गराउने र रासायनिक मल उत्पादन गर्ने कारखाना हामी व्यवस्थापन गर्ने बहुउद्देश्य योजना तयार गर्ने एउटा नीति लिएको छ । यो त हाम्रो सधैं उठेको विषय सधैं सम्झिएको छन् ।

र हाम्रो अर्को लिएका नीतिहरू के हो भने स्कुलमा विद्यार्थीहरूको जुन समस्या छ, त्यो विद्यार्थीको समस्याको समाधान गर्नको लागि विद्यार्थीलाई ल्याउने व्यवस्था कसरी गर्ने, सिकाउने व्यवस्था कसरी गर्ने, टिकाउने व्यवस्था कसरी गर्ने? त्यो नीति अपनाको जुन शिक्षा क्षेत्रलाई पनि सुधार कसरी गर्ने हो त? यसलाई सुधारेर हामी अगाडि कसरी बढ्छौं शिक्षा क्षत्रेमा? यसलाई पनि ध्यान दिएको छ, हाम्रो सरकारले ।

अब समय त बत्ती बलिसक्यो । (त्यसकारण छोटो एक मिनेट समय पाउँछु कि?) औद्योगिक क्षेत्रमा विकासका लागि तीव्रता दिन आवश्यक नीतिगत अपनाको छ । संस्थागत सुधार गर्दै नवप्रवर्दनमा आधारित उद्यम व्यवसायीलाई प्रोत्साहितको नीतिहरू लिएको छन् । पर्यटनमा धार्मिक तथा संस्कृतिक स्थलहरूलाई सुन्दर र आकर्षण बनाउन हाम्रो सम्पदा राम्रो सम्पदा कार्यक्रमहरू पर्यटन क्षेत्रमा ल्याएको छ । त्यस्तै आवास तथा बस्ती विकास तीन तहमा सरकारको भूमिका स्पष्ट हुने गरी नीति ल्याउने विभिन्न समुदायको फुस तथा खरका छाना भएका आवासलाई जस्ता पाताको छाना प्रतस्थापन गर्न नीति ल्याएको छ । पहिलाको कार्यक्रमहरूलाई

यसमा हटाएको छ जुन अगि माननीयज्यूले भन्नुभो' । त्यसलाई यस लयमा पनि सुधार गर्नुपर्छ । जुन जनताको आवास कार्यक्रम थियो, यसमा सुधार गर्नुपर्छ । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय प्रकाश पन्थ । समय ७ मिनेट । त्यसपछि माननीय सुरेश कुमार आलेमगर ।

(१५:०९ बजे) **माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, सम्माननीय राष्ट्रपति महोदयबाट प्रस्तुत नेपालको आगामी वर्षको नीति तथा कार्यक्रम सन्तोषजनक छ । परिस्थितिअनुसारको संयमित सन्तुलित पनि देखिन्छ । समर्थन गर्दछु तर यो शिथिल अर्थतन्त्र फोकस भएन कि भन्ने गुनासोहरू पनि आइरहेको छ । अर्थतन्त्रलाई सुधार्ने, बचाउने र चलाउनेतर्फ सरकारले ध्यान दृष्टि बढाउन जरुरी पनि छ । मैले सरसर्ती यसलाई हेरेँ । यसमा धेरै खालको कमेन्टहरू पनि आइर'कै छ । अब यसले वाचा चाहिँ कस्तो गरेछ भनेर मैले सरसर्ती हेर्दाखेरि रिपोर्ट कार्ड नियमित रूपमा प्रस्तुत गर्ने वाचा गरेको देखियो यसमा अनि वाचा मात्रै हो कि के छ भनेर फेरि हेर्दै गएँ ।

भ्रष्टाचार नियन्त्रणमा शून्य सहनशीलताको नीतिलाई परिणाम देखिने गरी कार्यान्वयन गर्ने यसले सङ्कल्प गरेको रैछ । त्यो पनि मलाई राम्रो लाग्यो अनि यहाँ उद्देश्य नै छैन यसमा भन्ने कुरा आयो । उद्देश्य कहाँ छ भनेर खोज्दै खोज्दै जाँदाखेरि उद्देश्य पनि मैले भेटेँ । राज्यका सबै तहमा सुशासनको प्रत्याभूति गर्ने उद्देश्य यसले राखेको छ । विकास निर्माण कार्यलाई तीव्रता दिने उद्देश्य यसले राखेको छ । सेवा प्रवाहमा सवालीकरण गर्ने उद्देश्य यसले राखेको छ । सामाजिक न्यायको प्रवर्दन गर्ने कुरा पनि मैले यहाँ उद्देश्यमा भेटेँ र राष्ट्रिय हित र संरक्षण सम्प्रदान गर्ने उद्देश्य पनि देखेपछि यसलाई मैले निकै राम्रो ठानेको छु ।

यसपटक नीति तथा कार्यक्रमले बजेट मात्रै हैन । दर्जनौं कानुनसमेत माग गरेको छ । शिक्षा र निजामती सेवाका विधेयकहरू यसै अधिवेशनमा संसदमा छिर्ने प्रतिबद्धता यसमा छ तर संसदमा अरू थुप्रै कामहरू पनि बाँकी छ । ऐन नियम बनाउने कुराहरू अब संविधानमा ऐनबमोजिम भनेका विधेयकहरूसमेत संसदमा अविलम्ब ल्याउन आवश्यक छ । संघीयता कार्यान्वयनका लागि अनुसूचीबमोजिमका सङ्घले बनाइदिनुपर्ने कानुनहरू पनि अविलम्ब बनाउनुपर्ने आवश्यकता देखिन्छ मौलिक हक कार्यान्वयनको अवस्था अध्ययन गर्नुपर्ने छ । मौलिक हकका ऐनहरू समसामयिक परिमार्जन गर्नुपर्ने पनि देखिन्छ । संविधानले सुनिश्चित गरेका कतिपय

अधिकारहरू ऐन र नियमावलीमार्फत काटेका छन् । ती विगतमा पनि काटेका हुन् । तिनीहरूलाई पनि त्यसतर्फ पनि सरकारले आवश्यक ध्यान दृष्टि पुऱ्याउन पर्ने देखिएको छ ।

मैले यो नीति तथा कार्यक्रमलाई सुशासनको दृष्टिकोणबाट पनि हेरें । सुशासनको दृष्टिकोणबाट हेर्दाखेरि सार्वजनिक खरिद अनुगमन कार्यालयमार्फत सरकारी खरिद प्रक्रिया थप पारदर्शी एवम् व्यवस्थित गर्ने कुरा उल्लेख गरिएको छ । सार्वजनिक खरिद कार्यान्वयनमा समसामयिक सुधार गरिने कुराले सुशासनमा केही गर्न सक्छ होला । विद्युतीय खरिद प्रणालीलाई क्रमशः अनिवार्य बनाउँदै लगिने भनिएको छ तर यसलाई अनिवार्य हैन । क्रमशः हैन । यसलाई तुरुन्तै यही साउन १ गतेदेखि नै सुरुदेखि नै यसलाई एकदम कढाइका साथ काम गर्न पर्यो । सुशासनमा समस्याको जड यहीनिर पनि छ र मैले यो नीति तथा कार्यक्रमलाई संघीयताको नजरले पनि हेरें । संघीयताको नजरले हेर्दै गर्दाखेरि वित्तीय संघीयताको प्रभावकारी कार्यान्वयन गरिने छ भन्या छ । यसलाई गर्दिँदै छ हैन कि यसलाई तुरुन्तै गर्नै पर्छ । यही विषयमा यो अनिवार्य सर्त पनि हो । वित्तीय हस्तान्तरण सङ्घीयताको मर्म र स्पिरिटअनुसारको हुनुपर्दछ । स्थानीय तह प्रभावकारी र संघीयताबमोजिम भएन भने संघीयता धरापमा पर्ने छ । स्थानीय तह र प्रदेशले आफ्नो औचित्य र आवश्यकता पुष्टि गर्ने बेला पनि अब भैसक्या छ । स्थानीय तह पुगेर हुने ठाउँमा सङ्घ पनि किन त्यही पुग्या छ? प्रदेश पुगेर हुने ठाउँमा अर्को पुग्या छ । एउटै तहलाई अर्को तहले विश्वास गरेको देखिएको छैन । त्यहाँ भरोसा छैन । यो संघीयताको अभ्यासमा यो खराब कुरा हो । त्यसलाई एक अर्कामा अन्तरसम्बन्ध र समन्वयको प्रयासहरूलाई हामीले त्यसलाई त्यही कोडिनेसन पर्ने आवश्यकता पनि देखिएको छ । स्थानीय तहले गर्नुपर्ने के हो । गर्न सक्ने के हो? प्रदेशले गर्नुपर्ने के हो? गर्न सक्ने के हो? सङ्घको भूमिका के हो? यो स्पष्टै हुन आवश्यक छ यो चाहिँ । अन्तरसम्बन्ध र उत्तरदायित्वलाई एकदम स्पष्ट हुन जरुरी छ । जसले जे गरे पनि हुने नगरे पनि हुने कुरालाई हामीले हटाउन आवश्यक छ । सुशासनका दृष्टि र संघीयताको मर्मको विपरीतका असान्दर्भिक र दोहोरो भएका दोहोरोपन भएका र उद्देश्य हासिल गर्न नसक्ने कार्यालय संस्था संरचनाहरूलाई तुरुन्तै खारेज गर्न नै पर्छ ।

मैले यसलाई सर्सर्ती दिगो विकासको दृष्टिकोणले पनि हेरें । यसले नीति कार्यक्रमलाई यसरी हेर्दै गर्दाखेरि दिगो विकासका लक्ष्य हासिल हुने गरी सबै विषयगत र क्षेत्रगत नीति तथा कार्यक्रमबिच अन्तर आबद्धता गरिने छ भन्या छ । यसलाई अनिवार्य रूपमा नगरेसम्म दिगो विकास लक्ष्य हासिल गर्न सक्दैनौं । दिगो विकास लक्ष्यलाई प्रदेश र स्थानीय तहमा आन्तरीकरण र स्थानीयकरण गरिने कुरालाई अनिवार्य बनाउनुपर्यो । विकास जसरी जहाँ जे गरे

पनि हुँदैन । नेपालको राजनीतिले दिगो विकासको अवधारणा बुझेको छैन । नेताहरूलाई दिगो विकास चाहिएको छैन भन्ने आरोप छ । राजनीति र नेताहरूले दिगो विकासको ओनरसिप लिनुपर्यो । नेताहरूले राजनीतिले यसलाई ओनरसिप नलिँदाखेरि २०३० मा दिगो विकास लक्ष्य हासिल हुने कुरामा चुनौतीहरू देखिएको छ ।

महिला, दलित, अपाङ्ग भएका व्यक्तिलगायत कुनै पनि वर्ग, क्षेत्र, लिङ्गलाई पछाडि छाडेर यसपटक दिगो विकास लक्ष्य हासिल हुनेवाला छैन । सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूलाई सामाजिक सुरक्षाको दायरमा ल्याइयोस् ।

अध्यक्ष महोदय, मैले कृषि वन प्राकृतिक स्रोतलाई उत्पादन र उद्योगसँग जोड्नुपर्दछ, रोजगारसँग जोड्नुपर्दछ यसलाई उद्योगलाई व्यापारसँग जोड्नुपर्दछ । उत्पादनलाई आत्मनिर्भरतासँग र व्यापारलाई निर्यातसँग पनि जोड्नुपर्दछ । प्राकृतिक स्रोतको प्रयोग वैज्ञानिक र भविष्यलाई समेत हुने गरी मापदण्डअनुरूप गर्नुपर्दछ । हाल भैरहेका प्राकृतिक दोहनलाई कढाइका साथ रोक्न आवश्यक छ । किसानले मल, बिउ, उत्पादनले मूल्य, विद्यार्थीले पुस्तक, बिरामीले ओखती, विपन्नले आय र निमुखाले न्याय नपाए के समृद्धि हुन्छ यहाँ केको विकास हुन्छ यहाँ र केको राष्ट्रसेवा केको राजनीति हुन्छ यहाँ । देश बनाउने र जागिर खाने हामी सबै यसका जिम्मा लिनेहरूले चाहिँ हामीले यो यति पनि गर्न नसक्ने हो भने । हामी सबै जनप्रतिनिधिहरूले सबै सरकारले सबै मन्त्रीहरूले सबै अरू सरोकारवाला, राष्ट्रसेवकहरूले समेत राजीनामा दिएर सेवाबाट सन्यास लिए पनि हुन्छ । यति पनि हामी गर्न नसक्ने हो भने ।

अब उपरान्त कुनै पनि कार्यालयमा विद्युतीयबाहेकका सवारीसाधन खरिद गरिने छैन भन्ने कुरालाई कढाइका साथ जानुपर्यो राष्ट्रिय पूर्वाधार गुरुयोजना तयार गर्ने कुरा ठिक छ । पूर्वाधार निर्माणमा दुई सिफ्टमा काम गर्ने कुरालाई अलि कढाइका साथ अनिवार्य नै गर्न आवश्यक छ । कतिपय उद्योगहरू अब चौबिसै घन्टा चल्न सक्छन् । कतिपय बजारहरू अब चौबिसै घन्टा पनि चल्ने अवस्थामा आइपुग्या छ । यसलाई सिफ्ट सिफ्टमा चलाउने व्यवस्थाहरू मिलाउन पर्यो । कूटनीतिक सम्बन्धहरू सुमधुर र मर्यादित हुन आवश्यक छ । सीमा समस्याहरू समयमै समाधान गर्न आवश्यक छ । राजनीतिमा कूटनीति र कूटनीतिमा  राजनीति मिसाउँदाखेरि यहाँ धेरै अलमल भैरा' छ । यसलाई हामी अलि मर्यादित बनाउन आवश्यक छ ।

अध्यक्ष महोदय, अन्त्यमा नीतिले कार्यक्रम माग्छ । कार्यक्रमले बजेट माग्छ । बजेटले सुशासनसहितको कार्यान्वयन एक्सन माग्छ । एक्सनले समयमै प्रभावकारी कार्यान्वयन रिजल्ट माग्छ । प्रभावकारी कार्यान्वयनले दिगो विकासको सूचकहरू सुधार हुन सक्छ । मुलुक र जनताको अवस्था परिवर्तन यहीबाट हुन सक्छ । समृद्धि यतैतिर छ । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय सुरेश कुमार आलेमगर । समय ५ मिनेट । त्यसपछि इन्दु कडरिया ।

(१५:१६ बजे) **माननीय श्री सुरेश कुमार आलेमगर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्षज्यू, सम्माननीय राष्ट्रपतिज्यूद्वारा प्रस्तुत नेपाल सरकारको नीति कार्यक्रमबारे आफ्ना केही धारणहरू राख्न गइरहेको छु । सबभन्दा पहिले त मलाई के लाग्छ भने गठबन्धन सरकार जस्तो छ त्यस्तै यो नीति तथा कार्यक्रम छ । यो धेरै छलाङ ल्याउने क्रान्ति खालको चैं हुन सक्ने थिएन, त्यो छैन किनकि गठबन्धन सरकार हो ।

यसपछि म के भन्न चाहन्छु भने यो नीति कार्यक्रम समग्रमा चैं सही छ, वस्तुवादी छ । त्यसकारण म यसलाई समर्थन गर्न चाहन्छु । यहाँ यसको लक्ष्य स्पष्ट छैन भन्ने कुरा उठ्यो तर मलाई त्यस्तो विल्कुल लाग्दैन । यसको लक्ष्य स्पष्ट छ । पृष्ठ ५ मा भनिएको छ, राष्ट्रिय सार्वभौमिकता, भौगलिक अखण्डता, स्वतन्त्रता तथा स्वाधिनता यो राष्ट्रिय हितको संरक्षण गर्दै सबल, समृद्धि सबल र नयाँ नेपालको निर्माण गर्नु सर्वोपरि लक्ष्य हो । त्यसै गरी नेपाली जनताको दशकौं सङ्घर्षबाट हासिल भएको संघीय लोकतान्त्रिक गणतन्त्र, समाज उन्मुख अर्थतन्त्र र संघीय शासन प्रणाली संस्थागत गर्नु सरकारको प्रमुख कार्यभार । प्रष्ट छ त । लक्ष्य प्रष्ट छ, डेस्टिनेसन प्रष्ट छ । डेस्टिनेसनको नेपाली गन्तव्य पनि स्पष्ट छ । त्यसैले मलाई त्यस्तो लाग्दैन ।

र यसले, यसको महत्त्वपूर्ण पक्ष के छ भन्दाखेरि यसले नेपालको अहिलेको स्थिति सिर्जना किन भयो भन्ने पनि सहीसँग वस्तुवादी हिसाबले विश्लेषण गरेको छ । त्यसको कारण के हो? भूकम्प, कोभिड, रुस/युक्रेन युद्ध आदि इत्यादि । समय छोटो छ त्यसैले म फटाफट छोटो छोटो भन्न चाहन्छु । यसको सुधार्नका लागि के गर्नुपर्छ त भन्नेबारेमा पनि यसले प्रष्ट भनेको छ । कृषि, पर्यटन, जलविद्युत्, जडीबुटीमा जोड दिने आदि कुराहरू ल्याएको छ । त्यस्तै राजस्व प्रशासनलाई चुस्त र सुदृढ बनाउने कुराहरू पनि यसले गरेको छ । त्यसले गर्दाखेरि यो, यी सबै कुराहरू यसमा छन् ।

त्यति मात्रै होइन । अहिलेको स्थितिलाई कसरी सुधार गर्ने? कसरी विकास गर्ने? भन्ने सम्बन्धमा पनि यो नीति कार्यक्रमको के भनेको छ त भन्दाखेरि अन्तर्राष्ट्रिय विकास सहायतालाई

राष्ट्रिय गौरव, रणनीति रूपान्तकारी र उच्च प्रतिफल दिने योजनाहरूमा केन्द्रित गर्ने, स्लेट ढङ्गालगायत ढुङ्गा खानीहरूको व्यवसायिक उत्खन्न, निकास आदि इत्यादिका रोजगारी सिर्जना हुने नीतिगत र कानुनी व्यवस्था गर्ने, त्यति मात्रै होइन बन्द ८ रुग्ण उद्योगहरू सञ्चालन, खारेजी, एकरण वा आवश्यक व्यवस्थाका लागि उच्च स्तरीय अध्ययन समिति गठन गर्ने । यी सबै कुराहरू छन् त । त्यसको साथसाथै असान्दर्भिक दोहोरोपन भएका, लक्ष्यअनुसार सञ्चालन नभएका कार्यालय, संस्था, समिति आदि इत्यादिलाई एकआपसमा गाभ्ने खारेज गर्ने र त्यसको सम्पत्ति त्यस्ता संस्थाहरूको सम्पत्ति जनशक्तिले व्यवस्थापन गर्नेलगायतका कुराहरू पनि छन् । त्यसको साथसाथै पेट्रोलियम पदार्थको परनिर्भरतालाई हटाउने सम्बन्धमा विद्युतीय सवारी साधन उत्पादन गर्ने, प्रयोग गर्ने, खरिद गर्ने लगायतका कुराहरू छन् । यी तमाम कुराहरू छन् । यसमा सकारात्मक पक्षहरू छन् ।

र केही माननीयज्यूहरू नयाँ कुराहरू छैन भनेर भन्नुभो' । मलाई त्यस्तो पनि लागेन । जस्तैः पृष्ठ ५०, १३० नम्बरको के छ भने नवपर्वतन, अनुसन्धान, आविष्कार विज्ञान शिक्षाको विस्तारलाई प्रोत्साहित गर्ने र यससम्बन्धी एउटा कोष स्थापना गर्ने । नयाँ कार्यक्रम होइन र यो? पहिला कहाँ थियो यो कार्यक्रम? नयाँ हो त यो कार्यक्रम त । त्यसै गरी देशभक्तिपूर्ण भावनाले पनि यसलाई चैं के छ भन्दाखेरि सम्बोधन गरेको छ । २० प्रतिशत महङ्गो भए पनि स्वदेशी वस्तुलाई खरिद गर्ने, भनेको छ त यसले । यी सबै कुराहरूबाट यो ठिक छ ।

त्यति मात्र होइन यो विकासको सेवा कहाँ कन्द्रित गर्ने भन्ने सम्बन्धमा पनि यो नीति कार्यक्रमले जोड दिएको छ । जस्तैः प्रदेशहरूको प्राथमिकीकरण कसरी गर्ने? कर्णाली प्रदेश, सुदूरपश्चिम प्रदेश र मधेस प्रदेश । त्यसैले यसमा नयाँ कुराहरू पनि छन् । यो माननीयज्यूहरूको चस्माले यी नयाँ कुरालाई देख्न सकेनछ । मेरै चस्मा दिउँ कि? मेरै चस्मा दिउँ कि? कति नकारात्मक आँखाले हेर्ने? सकारात्मक आँखाले पनि हेर्नका लागि केही सकारात्मक बुद्धि कतैबाट थोरै पैचो ल्याउ कि? भन्ने कुरो राख्दै सम्माननीय अध्यक्षज्यू, यसमा केही मेरो जिज्ञासा र सुझावहरू पनि छन् । जस्तैः अब जलविद्युत्‌हरूमा चैं केन्द्रित गर्ने ।

त्यसै गरी पृष्ठ ४५ मा यो सरकारी कार्यक्रमहरू (अध्यक्ष महोदय, एक मिनेटजति समय पाउँ । म सकिहाल्छु) । यो सरकारी नीति कार्यक्रमहरू लागु गर्ने क्षेत्र छ, समुदाय छ । त्यसमा दलित, आदिवासी जनतजाती छुटेका छन् । त्यो मधेशी र मुस्लिम पनि छैनन् । त्यो पनि त्यहाँ थपिनुपर्दछ । किनभने मुस्लिम अफगानिस्तान, पाकिस्तानको देशमा शासक होला तर नेपाल उत्पीडक समुदाय हो । यसलाई ध्यान दिनुपर्ने हुन्छ ।

त्यसै गरी यो स्वास्थ्यबारेमा केही महत्त्वकाङ्क्ष योजनाहरू छन् जस्तो लाग्छ । त्यसलाई पनि अलिकति हेर्नुपर्ने हुन्छ । गोरखा जिल्लाको बारेमा यो पृष्ठ २६, ६६ मा गोरखा जिल्लाको बारेमा केही भनेको छ । म त्यो पढ्न सकिनँ मैले । त्यसमा पनि किन आएछ? कसरी आएछ? भन्ने एउटा मेरो जिज्ञासा छ । र ढाकाको घरेलु पर्दार्थको बारेमा पनि धरेलु उत्पादित कपडाहरूको बारेमा पनि ध्यान दुनुपर्छ जस्तो मलाई लाग्छ । जलवायु परिवर्तनको बारेमा आदिवासीको जुन सिप, ज्ञान छ, त्यसलाई लिनुपर्छ भन्ने कुरा फेरि म राख्न चाहन्छु ।

र अन्तमा नीति कार्यक्रम सही छ तर बजेट कस्तो आउँछ भन्ने कुरा हामीले हेर्नुपर्ने हुन्छ । यो बजेट सही आउँला भन्ने आशा गरौं र त्यसको लागि विशेष गरेर जितेन्द्र नारायण माननीयज्यूले भन्नुभाजस्तै एउटा पोलिटिकल कमिटमेन्ट, स्ट्रङ पोलिटिकल ह्विल पावर त्यो चैं चाहिन्छ । त्यो सायद होला भन्ने लाग्छ । र अन्तमा यो नीति कार्यक्रम सम्माननीय राष्ट्रपतिज्यूले पाठ गर्दाखेरि अन्तमा चैं जय नेपाल पनि भन्नुभा' थियो । जय नेपाल लेखेकै रैछ कि भनेर मैले हेरें । जय नेपाल त लेखिएको रहेनछ, धन्यवाद लेखिएको रहेछ । यतातिर ध्यान आकर्षण गर्न चाहें ।

र यो खेस्राको बारेमा कुरा आ' थियो । मलाई यो खेस्रा चैं लागेन । यो राम्रोसँग प्रकाशित, राम्रोसँग लेखिएको, यो सुन्दर पुस्तिका मलाई लाग्यो । यो खेस्रा होइन । खेस्रा त अध्यक्ष महोदय, यस्तो हुन्छ खेस्रा त, यी ।

**थसम्माननीय अध्यक्ष**:- माननीय ईन्दु कडरिया । समय ५ मिनेट । त्यसपछि माननीय माया प्रसाद शर्मा ।

(१५:२२ बजे) **माननीय श्री ईन्दु कडरिया (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, हामी आर्थिक वर्ष २०८०/०८१ को यो सरकारद्वारा प्रस्तुत नीति तथा कार्यक्रममाथिको छलफल गरिरहेका छौं । सत्तापक्षले समर्थन नै गर्न पर्ने र प्रतिपक्षी विरोधै गर्नुपर्ने जस्तो मलाई लाग्दैन । यो यथार्थ जे छ त्यही यथार्थमा रहेर हामीले यसमा भएका कुराहरूलाई राम्रो भए राम्रो, नराम्रो भए नराम्रो भन्ने कुरा हो । मैले यसैमा अढिएर आफ्नो भनाइ राख्ने अनुमति चाहन्छु ।

सरकारद्वारा प्रस्तुत आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रममा कुनै ठोस योजना नभएको मुलुको समस्या समाधान गर्ने खालको नभएको, व्यवसायीहरू निराश भएको

कुरा नै नीति कार्यक्रमलाई निरन्तरता दिएको, पुराना र महत्त्वपूर्ण कार्यक्रमलाई हटाइएको छ । प्रधानमन्त्री कृषि आधुनिकरण हटाइएको छ । रोजगारी बढाउने भनिएको छ तर प्रधानमन्त्री स्वरोजगार कार्यक्रमलाई हटाइएको छ । शिक्षण गुणस्तर सुधार्ने भनिएको छ तर राष्ट्रपति शैक्षिक सुधार जस्तो महत्त्वपूर्ण कार्यक्रमहरूलाई नीति तथा कार्यक्रममा समावेश गरिएको छैन।

यो नीति कार्यक्रम प्राथमिकताका ठुला आयोजनाहरू केन्द्रित हुनु पर्थ्यो । त्यस्तो देखिँदैन । अस्तव्यस्त भएका विकासका संरचनाहरूलाई अगाडि बढाउनुपर्थ्यो । आयात प्रतिस्थापन गर्दै निर्यातलाई बढाउनुपर्यो । त्यो पनि देखिँदैन सरकारले अर्थहिन र उपलब्धिहिन कार्यक्रमलाई भने ठोस योजना बिना नै निरन्तरता दिएको पाइएको छ । आधारभूत शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षाका पुरानै कार्यक्रमको कार्यक्रमहरूले निरन्तरता पाइरहेका छन् ।

कृषिलाई अर्थतन्त्र आर्थिक बृद्धि र रोजगारीको माध्यम बनाउने अर्गानिक र सामुहिक र सरकारी खेती प्रणाली विस्तार गर्ने किसानलाई समयमा नै मल, विउ, सिँचाइ सुविधा पुर्‍याउने जस्ता पुरानै कार्यक्रमहरूलाई कार्यक्रमहरू समेटिएका छन् । वर्षैदेखि बन्द रहेका उद्योग पुनःसंरचनाको सम्भावना रहेका हेटौडा उद्योग, गोरखकाली रबर उद्योग, बुटवल धागो सञ्चालनमा ल्याउने भनिरहँदा वर्षौदिखि बन्द रहेको धेरै युवाले रोजगारी पाउने करोडौंको सम्पत्ति अल्पत्र परेको । गैंडाकोटमा रहेको भृकुटी कागज कारखानालाई किन सरकारीले नीति तथा कार्यक्रममा समावेश गर्न सकेन्? यो पनि देशको ठुलो उद्योग होइन र?

सम्माननीय अध्यक्ष महोदय, देश निर्माण गर्ने सबैभन्दा ठूलो शक्ति युवा हुन् । युवा पलायन रोक्नका लागि यो नीति कार्यक्रम मौन छ । हिजोका दिनमा देशमा द्वन्द्व हुँदा युवालाई बैदेशिक रोजगारीमा पठाउने नीति लिइयो । र सो नीति नै आजसम्म पनि निरन्तरता पाउँदा युवा पलायन ठूलो समस्या भएको छ । यो अवस्था आउन गठबन्धन दलका प्रमुख घटक नै जिम्मेवार छन् भन्ने घाम जस्तै छर्लङ्ग छ । देशमा अर्थतन्त्र सुधार नभइ नयाँ लगानीको वातावरण नभइ युवाहरूलाई रोजगारी सृर्जना हुन सक्दैन ।

(१५:२५ बजे) **पुनःपीठासीन**:- सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिना ।

**मानननीय श्री ईन्दु कडरिया (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- तसर्थ यो नीति तथा कार्यक्रम युवा पलायन रोक्नतर्फ केन्द्रित होस् भनी सुझाव दिन चाहान्छु ।

सम्माननीय अध्यक्ष महोदय, यो नीति कार्यक्रम सामाजिक सुरक्षा कार्यक्रममा कुनै नयाँपन छैन । अब सामाजिक सुरक्षा कार्यक्रमहरूलाई परिस्कृत गर्ने र नयाँ नीति कार्यक्रममार्फत आवश्यकलाई मात्रै दिइने नीति लिनुपर्छ भन्ने पनि मलाई लाग्छ ।

र सम्माननीय अध्यक्ष महोदय, यो देशको अर्थतन्त्रमा निश्चित घरानाको एकाधिकार छ । एकै घरानाको बैङ्क वित्तीय संस्था, इन्सुरेन्स, उद्योग, व्यापार हुने हुँदा बजार उनीहरूको नियन्त्रणमा हुने गर्छ । यसले यस विषयमा पनि सरकारी नीति तथा कार्यक्रममा सम्बोधन गरोस् भनी सुझाव राख्न चाहन्छु ।

बहुवर्षिय गौरवका आयोजना निर्माण गर्ने भनेर ठुलो पूँजी खर्च गरिएको छ तर प्रगति उल्लेख हुन सकेको छैन । यस्ता गौरबका आयोजना पनि अब प्राथमिकीकरण गर्न जरुरी रहेको छ । गौरबका आयोजनामध्ये छिटो पूरा हुने उत्पादन, रोजगारी र अर्थतन्त्र छिटो लाभ हुने आयोजनाहरूलाई प्राथमिकता दिनतर्फ पनि यो नीति कार्यक्रममा केन्द्रित होस् । भन्दै मेरा आफ्ना भनाइ यहीँ अन्त्य गर्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय माया प्रसाद शर्मा । समय ५ मिनेट ।

(१५:२७ बजे) **<u>माननीय श्री माया प्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्ष महोदय, हामी ०८०/०८१ को बजेटमा छलफल गरिराखेका छौं र छलफलका विषयवस्तुहरू पक्ष विपक्ष स्वाभाविक रूपले हुने नै भयो । तर ठाउँको हिसाबले एकै ठाउँमा छ जस्तो म लागेको छ । विपक्ष बेन्चबाट माननीयज्यूहरूले पनि विषय राख्नुभएको छ । पुरानो कार्यक्रम किन छुटाइयो । नयाँ कार्यक्रम किन ल्याइयो । स्वाभाविक ढङ्गले आवश्यक चिज राखिन्छ । अनावश्यक चिजहरू छुटाइन्छ । त्यो कुरा मिल्यो जस्तो लाग्छ । नयाँ छैनभन्दा नयाँ कार्यक्रम आयो । पुरानो हाम्रो छुटाइयो भनेर भन्या जस्तो छैन । छुट्न पुगेको छैन र केही विषयहरू नमिलेका हुन्छन् । अपुग हुन्छन् । सुझाव हुन्छन् सल्लाह हुन्छन् । सत्तापक्षले पनि दिनुपर्छ । त्यसकारणले हामी बजेटमा सकारात्मक ढङ्गले छलफल गरिराखेका छौं भन्ने मेरो बुझाइ छ । मैले किन समर्थन गरें । यो बजेटलाई भन्ने विषयमा म राख्न चाहन्छु कि यो बजेट विशेष गरेर यो संरचना सुधारका निम्ति त यसले केही एउटा बाटो खोलेको छ । पुँजीगत खर्चमा वृद्धि गरेको छ । सार्वजनिक खर्चमा मितव्ययी बनाउने प्रावधान लिएको छ । गुणस्तरीय पूर्वाधार विकास निर्माणमा प्राथमिकताको आधारमा योजना छनोट गर्ने

लक्ष्य राखेको छ । त्यसकारणले यो बजेटप्रति मेरो पूर्ण समर्थन छ र यो बजेट कार्यान्वयनमा दृढतापूर्वक लागोस् भन्ने सुझाव राख्न चाहन्छु ।

र अर्को कुराः मैले उठाइरहेको थिएँ । बजेटमा विशेष गरेर शिक्षा, स्वास्थ्य र कृषिमा विशेष पहल गर्नुपर्छ शिक्षामा बढी महत्त्व दिइएको छ । कृषिमा नयाँ नयाँ योजनाहरू निर्माण भएका छन् र स्वास्थ्यमा विभिन्न प्रकारका प्रतिष्ठानहरूको उसको भनम् एउटा उसको प्रतिष्ठानलाई एउटा प्रकारको छाता सङ्गठनमा लैजाने शिक्षामा शिक्षासँग उसको आयोग निर्माण गर्ने उच्चशिक्षा कानुन ढङ्गले शिक्षामा ऐन ल्याउने र त्यस्तो किसिमको अगाडि बढाइएको छ । यसकारणले यो बजेट (**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य, यो बजेट हैन सरकारको नीति तथा कार्यक्रम ।) नीति तथा कार्यक्रम सरी माफ गर्न चाहन्छु । यो नीति तथा कार्यक्रम सही छ भन्ने लाग्छ । यो बजेटले यसलाई सम्बोधन गर्नुपर्छ भन्न खोजेको छु ।

र अर्कोतिर हामीले यो आर्थिक उत्पादनमा विशेष गरेर यसलाई पर्यटनमा, उद्योगमा, जलवायुमा जडिबुटीमा जङ्गलमा यसले विशेष जोड गरेको छ । उत्पादनका साधनहरू अलिकति हामीले आयस्रोत कहाँबाट निर्माण गर्न सक्छौं भन्ने कुरामा पर्यटनमा विशेष जोड गरेको छ । यसलाई जडिबुटीमा जोड गरेको छ । जलविद्युत्मा जोड गरेको छ र जङ्गलमा जोड गरेको छ । कार्यक्रम ल्याउनका निमित्त नीति तथा कार्यक्रम स्थापित गरेको छ । यसकारणले यो नीति तथा कार्यक्रम सही ढङ्गले अगाडि आउन खोजेको छ भन्ने मेरो आफ्नो बुझाइ छ ।

यो अर्कोतिर, कर्णाली सुदूरपश्चिम र मधेस प्रदेश जो समुन्नत नेपाल निर्माण गर्नका निमित्त उत्प्रेरित, उपेक्षित क्षेत्र समुदायहरूको बसोवास हरेको क्षेत्र हो त्यसलाई यो नीति तथा कार्यक्रमले सम्बोधन गरेको छ । स्वाभाविक ढङ्गले त्यसबाट प्रतिनिधित्व गर्ने भएको हुँदा मैले गर्व अनुभूति गरेको छु । यो सरकारलाई हार्दिक हार्दिक धन्यवाद दिन चाहन्छु ।

र अर्कोः हामीले पुँजी परिचालनका आधारहरूमा सहकारी निजी र सरकारी पुँजीलाई एउटा परिचालनका आधारहरू निर्माण गरेको छ र यसलाई सरकारको निजी स्रोतको र सहकारीमार्फत पुँजी परिचालन गर्ने जुन उद्देश्य राखेको छ यो त्यसैले पनि एउटा यो उल्लेख्य उपलब्धि र हासिल गर्नेतिर राखिराखेको मैले देख्छु । विभिन्न प्रकारका सामूहिक वन फैलाउने छ धन यस्ता किसिमका विभिन्न नाराहरूद्वारा राम्रो उत्पादन हाम्रो स्वाभिमान विभिन्न प्रकारका "मेक इन नेपाल, मेड इन नेपाल" यस्ता किसिमका हाम्रो सम्पदा, राम्रो सम्पदा यी विभिन्न प्रकारका नारामा सङ्कलित गरेर सङ्गठित गरेर व्यक्त गरिराखेको स्थिति छ । एकीकृत राष्ट्रिय यातायात गुरुयोजना निर्माण गर्नका निमित्त विशेष पहल गरेको छ । विद्यालयहरूमा पढाउने, सिकाउने र टिकाउने नीतिलाई अगाडि सारेको स्थिति छ । हाम्रो स्कुल बनाऊ, राम्रो स्कुल भन्ने

नीतिलाई प्राथमिकतामा राखेको छ । यसैले के छ भन्दाखेरि यो वास्तवमा अशक्त, हेन हेल्प र ज्येष्ठ नागरिकहरूलाई आधारभूत सेवा सुविधाहरू घरमै गएर दिने कुरा अगाडि बढाइएको छ । उच्च शिक्षालगायतका विषयहरूलाई..... (समय सकिएको) ।

**(१५:३२ बजे) सम्माननीय अध्यक्षः-** माननीय सदस्यहरू, सम्माननीय राष्ट्रपतिबाट संवत् २०८० साल जेठ ५ गते शुक्रवारका दिन संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा गर्नुभएको सम्बोधनमा उल्लेखित आर्थिक वर्ष, २०८०/०८१ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम नसकिएकोले आगामी बैठकमा समेत छलफल जारी रहने बेहोरा जानकारी गराउँदछु ।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८० साल जेठ ८ गते सोमवार अपराह्न १ बजेर १ मिनेटमा बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक २०८० साल जेठ ८ गते सोमवार अपराह्न १ बजेर १ मिनेटमा बस्ने गरी यो बैठक स्थगित हुन्छ) ।

**स्थगितः १५:३३ बजे ।**